# नेपाल सरकार
# अर्थ मन्त्रालय

# जलवायु परिवर्तन वित्तीय खाका

संशोधित संस्करण २०२४

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| ACT | Accelerate Climate Transition (जलवायु परिवर्तन तीव्रता) |
| AF | Adaptation Fund (अनुकूलन कोष) |
| AMP | Aid Management Portal (सहायता व्यवस्थापन पोर्टल) |
| BFI | Bank and Financial Institutions (ब्याङ्क र वित्तीय संस्था) |
| CBRT | Climate Budget Review Toolkit (जलवायु बजेट समीक्षा औजार) |
| BMIS | Budget Management Information System (बजेट व्यवस्थापन सूचना प्रणाली) |
| BPD | Budget and Program Division (बजेट तथा कार्यक्रम विभाग) |
| BUPP | Bottom up Planning Process (ऊर्ध्वतर योजना प्रक्रिया) |
| CC | Climate Change (जलवायु परिवर्तन) |
| CCBII+ | Climate Change Budget Integration Index (जलवायु परिवर्तन बजेट एकीकरण सूचकाङ्क+) |
| CCFF | Climate Change Financing Framework (जलवायु परिवर्तन वित्तीय ढाँचा) |
| CCFU | Climate Change Finance Unit (जलवायु परिवर्तन वित्त एकाइ) |
| CF | Climate Fund (जलवायु कोष) |
| CGAS | Computerized Government Accounting System (कम्प्युटरीकृत सरकारी लेखा प्रणाली) |
| CoA | Chart of Accounts (लेखा तालिका) |
| COFOG | Classification of Functions of Government (सरकारका कामको वर्गीकरण) |
| CPEIR | Climate Public Expenditure and Institutional Review (जलवायुसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत समीक्षा) |
| CSOs | Civil Society Organizations (नागरिक समाजका सङ्घसस्था) |
| DHM | Department of Hydrology and Meteorology (जल तथा मौसम विज्ञान विभाग) |
| EFLG | Environment Friendly Local Government (वातावरणमैत्री स्थानीय शासन) |
| FCGO | Financial Comptroller General Office (महालेखा नियन्त्रकको कार्यालय) |
| FFIS | Federal Facilities Information System (सङ्घीय सुविधा सूचना प्रणाली) |
| FMIS | Financial Management Information System (वित्तीय व्यवस्थापन सूचना प्रणाली) |
| FY | Fiscal Year (आर्थिक वर्ष) |
| GCF | Green Climate Fund (हरित जलवायु कोष) |
| GDP | Gross Domestic Product (कुल गार्हस्थ उत्पादन) |
| GEF | Global Environment Facility (विश्व वातावरण सहुलियत) |
| GESI | Gender Equality and Social Inclusion (लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण) |
| GFSM | Government Finance Statistics Manual (सरकारी वित्त तथ्याङ्क हातेपुस्तिका) |
| GHGs | Green House Gases (हरित गृह ग्याँस) |
| GoN | Government of Nepal (नेपाल सरकार) |

| | |
|---|---|
| IECCD | International Economic Cooperation Division (अन्तर्राष्ट्रिय आर्थिक सहायतता समन्वय महाशाखा) |
| IMCC | Inter-Ministerial Climate Committee (अन्तरमन्त्रालय जलवायु समिति) |
| IMCC | Inter-ministry Coordination Committee (अन्तरमन्त्रालय समन्वय समिति) |
| IMF | International Monetary Fund (अन्तर्राष्ट्रिय मुद्रा कोष) |
| INDCs | Initial Nationally Determined Contributions (राष्ट्रिय रूपमा निर्धारित प्रारम्भिक योगदान) |
| IT | Information Technology (सूचना प्रविधि) |
| KPIs | Key Performance Indicator (कार्यसम्पादनका प्रमुख सूचक) |
| LAPA | Local Adaptation Programme of Action (स्थानीय अनुकूलन कार्ययोजना) |
| L&DF | Loss and Damage Fund (नोक्सानी तथा क्षति कोष) |
| LMBIS | Line Ministry Budget Information System (मन्त्रालयगत बजेट सूचना प्रणाली) |
| M&E | Monitoring and Evaluation (अनुगमन र मूल्याङकन) |
| MoALD | Ministry of Agriculture and Livestock Development (कृषि तथा पशुपन्छी विकास मन्त्रालय) |
| MoEA | Ministry of Agricultural Development (कृषि विकास मन्त्रालय) |
| MoF | Ministry of Finance (अर्थ मन्त्रालय) |
| MoFAGA | Ministry of Federal Affairs and General Adminstration (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) |
| MoFE | Ministry of Forest and Environment (वन तथा वातावरण मन्त्रालय) |
| MOHA | Ministry of Home Affairs (गृह मन्त्रालय) |
| MRV | Measurement, Reporting and Verification (मापन, प्रतिवेदन र प्रमाणीकरण) |
| MTEF | Medium Term Expenditure Framework (मध्यम अवधिको खर्च प्रारूप) |
| NAP | National Adaptation Plan (राष्ट्रिय अनुकूलन योजना) |
| NASC | Nepal Adminitrative Staff College (नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान) |
| NCCFF | National Climate Change Financing Framework (राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा) |
| NDAC | National Action Development Committee (राष्ट्रिय विकास समस्या समाधान समिति) |
| NDC | National Development Council (राष्ट्रिय विकास परिषद्) |
| NDC | Nationally Determined Contributions (राष्ट्रिय रूपमा निर्धारित योगदान) |
| NDRRMA | National Disaster Risk Reduction Management Authority (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण) |
| NNRFC | National Natural Resource and Fiscal Commission (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग) |
| NPC | National Planning Commission (राष्ट्रिय योजना आयोग) |
| NPR | Neplaeas Rupees (नेपाली रुपैयाँ) |

| | |
|---|---|
| NRB | Nepal Rastra Bank (नेपाल राष्ट्र बैङ्क) |
| OAG | Office of the Auditor General (महालेखा परीक्षकको कार्यालय) |
| PEFA | Public Expenditure and Financial Accountability (सार्वजनिक खर्च एवं वित्तीय जबाफदेहिता) |
| PETS | Public Expenditure Tracking Survey (सार्वजनिक खर्च निगरानी सर्वेक्षण) |
| PFM | Public Financial Management (सार्वजनिक वित्त व्यवस्थापन) |
| PLMBIS | Provincial Line Ministry Budget Information System (प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्राणाली) |
| PPIs | Process Performence Indicators (विशेष जलवायु परिवर्तन कोष) |
| PPIS | Project Performance Information System (परियोजना कार्यसम्पादन सूचना प्रणाली) |
| PRSP | Poverty Reduction Strategy Plan (गरिबी न्यूनीकरण रणनीतिक योजना) |
| SCCF | Special Climate Change Fund (विशेष जलवायु परिवर्तन कोष) |
| SDGs | Sustainable Development Goals (दिगो विकास लक्ष्य) |
| SEBON | Security Board of Nepal (नेपाल धितोपत्र बोर्ड) |
| SNGs | Sub-National Governments (स्थानीय सरकार) |
| TDPG | Top down Policy Guidance (अधोतर नीति निर्देशित) |
| TSA | Treasury Single Account (एकल खाता कोष) |
| TPE | Third Party Evaluation (तेस्रो पक्षीय मूल्याङ्कन) |
| SuTRA | Sub-National Treasury Regulatory Application (स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली) |
| UNDP | United Nations Development Program (संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम) |
| UNFCCC | United Nations Framework Convention on Climate Change (जलवायु परिवर्तनसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि) |
| USD | United State Dolor (अमेरिकी डलर) |

**विषय सूची**


तालिका सूची ........................................................................................................6

कार्यकारी सारांश ....................................................................................................7

१. पृष्ठभूमि ..........................................................................................................11

१.१ विश्व सन्दर्भ 11

१.२ राष्ट्रिय सन्दर्भ

१.३ जलवायु परिवर्तन बजेट र खर्च 13

२. जलवायु परिवर्तन वित्तीय खाका (सिसिएफएफ) र संशोधन प्रक्रिया ..........................................14

३. सिसिएफएफका मुख्य तत्त्व र घटकहरू
**Error! Bookmark not defined.**

४. सरकारको बजेट निर्माण प्रणाली ........................................................................19

४.१ रणनीतिक योजना र मध्यावधि खर्च ढाँचा

४.२ परिणाम आधारित बजेट र कार्य सम्पादन सम्झौता 19

४.३ मौजुदा पिएफएम प्रणालीमा अपेक्षित सिसिएफएफ मञ्च 20

५. नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तनलाई एकीकृत गर्ने तयारी..................22

५.१ सिसिबिआइआइ+ मूल्याङ्कनका निष्कर्ष 22

६. जलवायु परिवर्तन वित्तीय खाकाको प्रगति .........................................................25

७. चुनौती र अवसरहरू..........................................................................................30

७.१ चुनौतीहरू

७.२ अवसरहरू

८. योजना र बजेटचक्रमा जलवायु वित्तलाई एकीकृत गर्न सुधारहरू ............................................33

८.१ पूर्वबजेट चरण 33

८.२ बजेट तयारी चरण 33

८.३ बजेट अनुगमन तथा प्रतिवेदन चरण 35

८.४ लेखापरीक्षण र बजेट मूल्याङ्कन चरण 35

९. सरोकारवालाको भूमिका.....................................................................................36

९.१ राष्ट्रिय योजना आयोग 36

९.२ अर्थ मन्त्रालय 36

९.३ वन र वातावरण मन्त्रालय 38

९.४ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय 38

९.५ विषयगत मन्त्रालयहरू 38

९.६ स्थानीय सरकारहरू 39

९.७ महालेखा परीक्षकको कार्यालय 40

१०. सुधारका मार्गचित्र ........................................................................................................ 42

१०.१ योजना र बजेट प्रणालीमा एकीकृत जलवायु वित्त 45

१०.२ जलवायु वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण 47

१०.३ जलवायु बजेटमा जलवायु वित्त प्रभावकारिता र दक्षताका लागि जबाफदेहिता सुधार 48

१०.४ जलवायु वित्त सुशासनमा सुधारिएको क्षमता 49

१०.५ अन्तर्राष्ट्रिय वित्तमा पहुँच वृद्धि र जलवायु परिवर्तनमा निजी वित्त उत्प्रेरित 49

१०.६ स्थानीय सरकारहरूमा सुधार 50

११. निष्कर्ष........................................................................................................ 52

**अनुसूची** ........................................................................................................

अनुसूची क : एमओएडीको गतिविधि आधारित जलवायु परिवर्तन बजेट कोडिङसम्बन्धी दिग्दर्शन

अनुसूची ख : अन्तरमन्त्रालय समन्वय समितिको काम, कर्तव्य र अधिकार

अनुसूची ग : मन्त्रालयगत जलवायु परिवर्तन बजेट र खर्च 54

अनुसूची घ : मन्त्रालयगत जलवायु परिवर्तन बजेट र खर्च 54

अनुसूची ङ : जलवायु परिवर्तन बजेट र खर्च पत्ता लगाउने प्रतिवेदन ढाँचा 55

अनुसूची च : परामर्श गरिएका व्यक्ति र संस्थाहरूको सूची 60

अनुसूची छ : प्रतिवेदन तयारीमा संलग्न परामर्शदाताहरू 61

सन्दर्भ सूची ........................................................................................................ 62

## चित्र सूची

चित्र १ : वित्तीय ढाँचाका तत्वहरू

चित्र २ : जलवायु परिवर्तन वित्तीय ढाँचाका मुख्य घटकहरू

चित्र ३ : पिएफएम प्रणालीमा अपेक्षित सिसिएफएफ मञ्च

चित्र ४ : बजेट प्रक्रियामा सूचना प्रवाह

चित्र ४ : सिसिएफयु र आइएमसिसीबीचको सम्बन्ध

## तालिका सूची

तालिका १ : सन् २०१६-२०२२ बीच प्रकोपबाट भएको हानि र क्षति

तालिका २ : जलवायु परिवर्तन बजेट विनियोजनको प्रवृत्ति (रु. अर्बमा)

तालिका ३ : स्रोतअनुसार जलवायु खर्चको प्रवृत्ति (रु. अर्बमा)

तालिका ४ : जलवायु परिवर्तन एकीकरणका लागि पिएफएम प्रणालीमा प्रवेश विन्दुहरू

तालिका ५ : सिसिएफएफ २०१७ मा प्रस्तावित सुधार क्षेत्रहरू र हस्तक्षेपहरू

तालिका ६ : सिसिबिआइआइ+ मूल्याङ्कनमा सिसी एकीकरण र जेसी एकीकरणको अङ्क

तालिका ७ : एनसिसिएफएफ २०१७ मा प्रस्तावित सुधार क्षेत्रहरूमा हासिल भएका हस्तक्षेपहरूको मुख्य सूची

तालिका ८ : एनसिसिएफएफ २०१७ मा प्रस्तावित सुधार हस्तक्षेपहरूमा गतिविधिअनुसारका प्रगति र अन्तरहरू

# कार्यकारी सारांश


संशोधित जलवायु परिवर्तन वित्तीय ढाँचा (CCFF) ले राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९, राष्ट्रिय अनुकूलन योजना २०२०, दोस्रो राष्ट्रिय निर्धारित योगदान २०२०, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ आदि प्रमुख जलवायु नीतिहरू एकीकृत गरी मूल धारमा ल्याउँछ। यो ढाँचाले सन् २०१७ मा राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा (NCCFF) तर्जुमा भएपछि जलवायु परिवर्तनलाई सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा एकीकृत गर्न नेपालले हासिल गरेको प्रगति पनि झल्काउँछ। यसले जलवायु परिवर्तन र सार्वजनिक वित्त व्यवस्थापन नीतिहरूमा भएका गतिविधि नेपालको संविधान र अन्तर्राष्ट्रिय जलवायु परिवर्तन प्रतिबद्धताहरूसँग तालमेल गर्ने योजनाहरू पनि समेट्छ।

राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा, २०१७ ले योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण; जलवायु वित्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण; बजेटमा जलवायु परिवर्तनको वित्तीय प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता र जलवायु परिवर्तन वित्त व्यवस्थापनमा सुधारका चार क्षेत्र पहिचान गरी योजना र बजेटचक्रमा जलवायु परिवर्तन समावेश गर्ने कार्यमा प्रगति भएको हो। राष्ट्रिय जलवायु परिवर्तन नीतिले सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (PFMS) मा जलवायु परिवर्तन एकीकृत गर्न कानूनी आधार प्रदान गरेको छ। विभिन्न मन्त्रालय र प्रदेश सरकारहरूद्वारा सुरु गरिएको जलवायु बजेट निगरानी (अति सान्दर्भिक, सान्दर्भिक र तटस्थ) ले जलवायु वित्त बजेटचक्रकै अंश भएको सङ्केत गर्छ। महालेखा परीक्षकको कार्यालय (OAG) ले वार्षिक रूपमा सञ्चित वित्तीय प्रतिवेदन प्रकाशित गर्छ। यद्यपि जलवायु वित्तमा नागरिक समाजका सङ्घ-संस्था र सांसदहरूको न्यून क्षमता र सीमित संलग्नता बढाउनुपर्छ।

यो विश्लेषण गर्दा सङ्युक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) नेपालद्वारा सन् २०२३ मा गरिएको लैङ्गिक उत्तरदायी जलवायु परिवर्तन बजेट एकीकरण सूचक (CCBII+) मूल्याङ्कनलाई ध्यानमा राखिएको छ। सो क्रममा 'नीति, प्रणाली र जबाफदेहिता' अर्थात् सङ्घीय सरकारका तीन आयामको मूल्याङ्कन भएको थियो। सोअनुसार सङ्घीय सरकारले प्रणालीगत आयाममा २७ मध्ये २३ (८५ प्रतिशत), नीतिगत र कानूनी आयाममा २८ (६४ प्रतिशत) र उत्तरदायित्वमा २५ मध्ये १० (४० प्रतिशत) अङ्क प्राप्त गरेको थियो। संयुक्त मूल्याङ्कअनुसार जलवायु परिवर्तन (CC) का लागि ६४ र लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) का लागि ११ प्रतिशत अङ्क प्राप्त गरेको थियो। CC ले सार्वजनिक वित्त व्यवस्थापन (PFM) प्रणालीमा जलवायु परिवर्तनका दृष्टिकोण समावेश गर्ने महत्त्वपूर्ण उपलब्धि सङ्केत गर्छ। तर, GESI एकीकरणमा प्राप्त अङ्कले जलवायु परिवर्तन गतिविधिमा धेरै काम गर्न बाँकी देखाउँछ।

NCCFF-2017 का मार्गचित्र र प्रमुख सरोकारवालाहरूसँग गरिएका कुराकानीमार्फत पनि सुधारका धेरै क्षेत्र पहिचान भए। मूल्याङ्कनले नेपालले जलवायु परिवर्तनलाई PFMS मा एकीकृत गर्न बलियो नीतिगत आधार विकास गरेको देखाएको छ। तर, जलवायु बजेट निगरानी र खर्च प्रतिवेदन गर्दा तथ्याङ्कको विश्वसनीयता र शुद्धतामा भने सुधार गर्नुपर्छ।


कृषि तथा पशुपन्छी विकास मन्त्रालय (MoALD) र वन तथा वातावरण मन्त्रालय (MoFE) ले क्रमशः २०१९ र २०२० मा वातावरणीय गतिविधिका आधारमा जलवायु बजेट सङ्केत मापदण्ड बनाएका थिए। नेपाल सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीबाट जलवायु बजेट र खर्चको यथार्थ तथ्याङ्क प्राप्त गर्न यो मापदण्ड जलवायुसम्बन्धी सबै विषयगत मन्त्रालयमा लागू गर्नु आवश्यक छ। यसले जलवायु वित्तमा पारदर्शिता र जबाफदेहिता बढाउँछ।




NCCFF-2017 का अधिकांश प्रगति नीति र कानूनी पक्षसँग सम्बन्धित छन् । यसको मार्गचित्रमा 'योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण' सुधार क्षेत्रमा ५ वटा क्रियाकलाप प्रस्ताव गरिएका छन् । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा भएको स्तरोन्नतिले सूचना प्रणालीमा प्रगति भएको देखाउँछ तर अर्थ मन्त्रालयको जलवायु परिवर्तन वित्त एकाइ (CCFU) मा सुधार, जलवायु परिवर्तन सङ्केत दिग्दर्शन सुधार, आवधिक योजनामा जलवायु लागत अनुमान र माध्यमिक खर्च ढाँचा (MTEF) मा जलवायु स्रोतलाई प्राथमिकता दिनेजस्ता पक्षमा सुधारको गति सुस्त छ । यसै गरी 'जलवायु परिवर्तन वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण' जस्ता तीन क्रियाकलापमध्ये सङ्घीय स्तरमा जलवायु परिवर्तन खर्च प्रतिवेदन निर्माण कार्य आंशिक रूपमा सम्पन्न भएको छ । तर, 'बजेटमा जलवायु परिवर्तन वित्तीय प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता' का तीनवटा गतिविधि (तेस्रो पक्षीय अनुगमन, नागरिक समाज-संस्थाको सहभागिता र जलवायु परिवर्तन कार्यक्रमको संसदीय निरीक्षण) मा योजनाबमोजिम प्रगति हुन सकेको छैन । 'जलवायु परिवर्तन वित्तीय सुशासनमा सुधारअन्तर्गत यसमा संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धि र तालिमसम्बन्धी चार गतिविधि दातृ निकायहरूको सहयोगमा आंशिक रूपमा सम्पन्न भए । संशोधित खाकाले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तन एकीकरण सुदृढ बनाउन ६ वटा सुधार क्षेत्रमा २३ वटा सुझावमार्फत सूचना सङ्कलन गरी विश्लेषणसमेत गरेको त । सुधारका ती क्षेत्र निम्नअनुसार छन् :

१. योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण;
२. जलवायु परिवर्तन वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण;
३. बजेटमा जलवायु परिवर्तनको वित्तीय प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता;
४. जलवायु परिवर्तन वित्तको सुशासन क्षमतामा सुधार;
५. अन्तर्राष्ट्रिय वित्तमा पहुँच वृद्धि र जलवायु परिवर्तनमा निजी वित्त आकर्षित गर्ने;
६. सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तनलाई प्रभावकारी तबरले एकीकृत गर्न स्थानीय तहको भूमिका ।

### ***संशोधित CCFF मा प्रमुख योजनाबद्ध क्षेत्रहरूको सारांश***




तीनै तहका सरकारका सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन थप एकीकरण गर्न यी सुधारका सुझावहरूको कार्यान्वयन महत्त्वपूर्ण हुन्छ। यी सुधार योजना कार्यान्वयनमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको मुख्य भूमिका हुन्छ। वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तनका लागि अन्य सम्बन्धित मन्त्रालयसँग समन्वय गर्न सम्पर्क मन्त्रालयका रूपमा भूमिका खेल्छ। जलवायु वित्त विनियोजन एवं खर्चमा जबाफदेहिता कायम गर्न महालेखा परीक्षकको कार्यालय र संसद्को गहन भूमिका हुन्छ। नागरिक समाजका सङ्घ-संस्थाहरूको भूमिका बजेट तर्जुमा र जलवायु वित्त खर्च अनुगमनमा महत्त्वपूर्ण हुन्छ। प्रस्तुत ढाँचा कार्यान्वयनका लागि सरोकारवालाहरूसँग समन्वय गर्न जलवायु वित्तसम्बन्धी अन्तरमन्त्रालय समन्वय समिति (IMCC) को भूमिका महत्त्वपूर्ण हुनेछ।

# १. सन्दर्भ

## १.१ विश्वसन्दर्भ

पछिल्लो समय विकास बहसमा आइरहने महत्त्वपूर्ण सवाल जलवायु परिवर्तनले विशेषतः गरिब र जोखिमयुक्त समुदायको जीवन र जीविकोपार्जनमा प्रभाव पार्छ। सन् २०१५ मा विभिन्न मुलुक विश्वव्यापी तापमान वृद्धि २ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्न सहमत भएका थिए। तर, यसमा विकसित देशहरू हरित गृह ग्याँस (GHGs) उत्सर्जन घटाउने आफ्नै प्रतिबद्धतामा सफल हुन सकेनन्। बाढी, पहिरो, चक्रवात, हिमनदी पग्लने, ताल फुट्नेजस्ता जलवायुजन्य प्रकोपको बढ्दो घटनाले विश्वव्यापी विकासका लाभबाट वञ्चित गराइरहेको छ। यस्तो अवस्थामा विकासोन्मुख देशहरूलाई जलवायु परिवर्तनका प्रभावहरूसँग अनुकूलन हुन र हरित गृह ग्याँस उत्सर्जन घटाउने प्रतिबद्धता पूरा गर्न अतिरिक्त स्रोत चाहिन्छ।

विकासोन्मुख देशहरूलाई जलवायु परिवर्तनको प्रतिकूल प्रभावसँग जुध्न जलवायु वित्त आवश्यक पर्छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNFCCC) ले जलवायु परिवर्तनका कारण सिर्जित असर न्यूनीकरण र अनुकूलन गर्न स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्रोतको जलवायु वित्तले सहयोग गर्ने उद्देश्य राखेको छ। पछिल्ला वर्षहरूमा न्यूनीकरण र अनुकूलनबाहेक जलवायुजन्य क्षतिका लागि वित्तीय व्यवस्थापन गर्नुलाई पनि जलवायु वित्तकै प्रमुख पाटो मानिएको छ। हरित जलवायु कोष (CF), अनुकूलन कोष (AF), अति कम विकसित देश कोष (LDCF), विशेष जलवायु परिवर्तन कोष (SCCF) र विश्व वातावरण सुविधा (SCCF) जस्ता धेरै अन्तर्राष्ट्रिय वित्तीय संयन्त्रले विकसित देशहरूबाट विकासशील देशहरूमा जलवायु वित्तको प्रवाह सहज बनाउँछन्। संयुक्त अरब इमिरेट्सको दुबईमा सन् २०२३ मा आयोजित UNFCCC COP 28 जलवायुजन्य हानिनोक्सानी सम्बोधन गर्न हानि तथा क्षति कोष (L&DF) स्थापना गर्न सहमत भयो। यसमा विकासोन्मुख देशहरूलाई उपलब्ध गराउने गरी प्रतिवर्ष १०० अर्ब अमेरिकी डलरको विश्वव्यापी लक्ष्यमा धेरै द्विपक्षीय/बहुपक्षीय सहायता एजेन्सीहरू योगदान गर्छन्।

विकसित देशहरूबाट विकासोन्मुख देशमा प्रतिवर्ष १०० अर्ब अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भए पनि सन् २०२१ मा ८९.६ अर्ब अमेरिकी डलर मात्र परिचालन भएको UNFCCC ले प्रकाशन गरेको Global Stock Take Report मा उल्लेख छ। UNFCCC मा पेस गरिएका सबै राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) सन् २०३० सम्म कार्यान्वयन गर्न अनुमानित ५.८ देखि ५.९ खर्ब अमेरिकी डलर आवश्यक पर्छ। जलवायु अनुकूलन कार्यका लागि मात्र प्रतिवर्ष २१५ देखि ३८७ अर्ब अमेरिकी डलर चाहिन्छ। अहिले सन् २०२५ पछिको नयाँ जलवायु वित्त सम्झौताका लागि विश्वव्यापी वार्ता चलिरहेका छन्।

## १.२ राष्ट्रिय सन्दर्भ

नेपालको हावापानी तातो भएको छ। सबै क्षेत्रमा तापक्रम बढ्ने क्रम जारी छ। जल तथा मौसम विज्ञान विभाग (DHM) ले सन् १९७४ देखि २०१४ सम्मको अवधि समेटेर गरेको एक अध्ययनले प्रतिवर्ष ०.०५६ डिग्री सेल्सियस अधिकतम तापक्रम वृद्धि भएको देखाएको छ। सो अवधिका सबै मौसममा वर्षा कम भएको छ तर यो सकारात्मक होइन। प्रक्षेपणहरूले भविष्यमा नेपालको जलवायु ओसिलो तर निकै तातो मात्र होइन, अति गर्मी र अति चिसो हुने सङ्केत गर्छन्। सन्दर्भ अवधि सन् १९८१-२०१० को औसत वार्षिक वर्षा तुलना गर्ने हो भने मध्यम अवधि (सन् २०४५) सम्ममा २-६ प्रतिशत र दीर्घकालीन अवधि (सन् २०६५) सम्ममा ८-१२ प्रतिशतले बढ्ने अनुमान छ। यद्यपि अनुमानमा निश्चितता हुँदैन (GoN, 2021)।

नेपालले राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) मा ऊर्जा, यातायात, घरेलु प्रयोगजन, उद्योग, कृषि, वन र भूमिको उपयोग एवं फोहोरलाई प्राथमिकता दिएको छ। NDC कार्यान्वयन योजनाअन्तर्गत प्राथमिकता प्राप्त क्षेत्रका प्रत्येक कार्ययोजना कार्यान्वयन गर्न वित्तीय आवश्यकता पर्छ। यस आधारमा NDC कार्यान्वयन गर्न अनुमानित रु. ४,३४४ अर्ब (३५.९ बिलियन अमेरिकी डलर) लाग्छ। नेपालको दीर्घकालीन रणनीतिले सन् २०४५ सम्ममा खुद शून्य (Net Zero) उत्सर्जन हासिल गर्न साहसिलो नीति निर्माण, सामाजिक रूपान्तरण र प्राविधिक विकासको परिकल्पना गरेको छ। राष्ट्रिय अनुकूलन योजना (NAP) ले सबै क्षेत्र र स्तरका विकास योजनामा जलवायु जोखिम सम्बोधन कार्य र रणनीतिहरू एकीकृत गर्ने लक्ष्य राखी छोटो, मध्यम र दीर्घकालीन अनुकूलन निर्धारण गरेको छ। प्राथमिकतामा परेका ६१ अनुकूलन कार्यक्रमका लागि ४५.९ बिलियन अमेरिकी डलर लाग्ने अनुमान छ। सङ्घीय सरकारले राष्ट्रिय अनुकूलन योजना (NAP) र राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) मा पहिचान गरिएका प्राथमिकतायुक्त अनुकूलन र न्यूनीकरणका कार्य कार्यान्वयन गर्न उल्लिखित वित्त परिचालन गर्नुपर्छ। PFM प्रणालीमार्फत जलवायु वित्त परिचालन गर्न, NDC र NAP कार्यान्वयनमा जलवायु परिवर्तन वित्तीय ढाँचा (CCFF) उपयोगी औजार हो।

हालैका वर्षहरूमा नेपालले महत्त्वपूर्ण जलवायुजन्य प्रकोपहरू भोगेको छ। सन् २०१७ मा तराईमा आएको बाढीले रु. ६३,१८६ अर्बबराबर क्षति भयो। यो सो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको झन्डै २.०८ प्रतिशत हो। सन् २०२१ मा मेलम्चीमा आएको बाढीबाट ४९८ मिलियन अमेरिकी डलरबराबरको क्षति भयो। यसमा प्रतिघर/परिवारको क्षति ५२,११३ अमेरिकी डलर थियो (पराजुली र अरू, २०२३)। सन् २०२० को महाकालीको बाढी, २०२१ को मनाङको बाढी, २०२३ को मुस्ताङको बाढी, २०२३ की गर्मी आदि यस्ता उल्लेखनीय हुन्। यी प्रकोपहरूको पूरै क्षति यकिन हुन सकेको छैन। नेपालमा बाढी, पहिरो, महामारी र आगलागी सबैभन्दा बढी हानिकारक जलवायुजन्य प्रकोप हुन्। अझ महामारी त मृत्युको सबैभन्दा ठूलो कारक बन्यो (५२.८ प्रतिशत)। त्यसपछि क्रमशः पहिरो (१६.७ प्रतिशत) र बाढी (१२.७ प्रतिशत) रहे। बाढीले ७१ प्रतिशतलाई प्रभावित गऱ्यो भने आगलागीले सबैभन्दा बढी आर्थिक क्षति (५६.६ प्रतिशत) भयो। यी तथ्याङ्कले भविष्यमा जलवायुजन्य प्रकोपबाट थप क्षति हुन सक्ने सङ्केत गर्छन्। यस्ता क्षतिले आर्थिक तथा गैरआर्थिक पक्षहरूमा चुनौती खडा गरेका छन्।

नेपालमा सन् २०१६ देखि २०२२ बीच भएका २५,२०४ वटा विपद्का घटनाबाट ९०,४०१ परिवार प्रभावित भए। यी प्रकोपका कारण ३,४२८ मानिसको मृत्यु भयो भने १०,७८६ घाइते भए। औसत वार्षिक क्षतिचाहिँ २५.२७ अर्ब अमेरिकी डलर भएको अनुमान छ। CCFF ले PFM प्रणालीमार्फत जलवायुजन्य क्षति न्यूनीकरणका लागि सार्वजनिक वित्त परिचालन गर्न सक्छ।

**तालिका १ : सन् २०१६-२०२२ बीच प्रकोपबाट भएको क्षति**

| वर्ष | घटना सङ्ख्या | मृत्यु | घाइते | प्रभावित परिवार | अनुमानित क्षति (१० लाख डलरमा) |
|---|---|---|---|---|---|
| २०१६ | २३७० | ४८६ | ७६४ | १३,२४१ | २३.४४ |
| २०१७ | २४६० | ४९० | ७३७ | १९,०७३ | २०.८० |
| २०१८ | ३९१९ | ४७८ | २९०२ | ८,१८० | ३६.१८ |
| २०१९ | ४५३८ | ४८९ | २४५२ | २५,२६४ | ३९.२४ |
| २०२० | ३७७० | ५५९ | ११७५ | ११,३१४ | १४.६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०२१ | ४२१५ | ५०९ | १७७३ | ६,५८३ | २१.१९ |
| २०२२ | ३९३४ | ४१७ | ९८३ | ६,७४६ | २१.४० |
| जम्मा | २५,२०४ | ३४२८ | १०,७८६ | ९०,४०१ | १७६.९३ |

**स्रोत :** *Nepal National Voluntary Report Mid-Term Review Implementation of the Sendai Framework for Disaster Risk Reduction 2015-2030, MoHA, 2023.*

जलवायु नीति र गतिविधिहरू परिणाममुखी बनाउन दिगो वित्तीय स्रोत पर्याप्त चाहिन्छ र त्यसलाई जलवायु परिवर्तनबाट प्रभावित र जोखिममा परेकाहरूतर्फ प्रवाह गर्नुपर्छ। जलवायु गतिविधि प्रमुखतः परियोजनामा आधारित दृष्टिकोणमार्फत लागू गरिएकाले यसका दायरा सीमित छन्। प्रभावकारी जलवायु परिवर्तन प्रतिक्रियाका लागि क्षेत्रगत लगानी कसरी निर्माण हुन्छ र कसरी सेवा प्रवाह गरिन्छ भन्ने महत्त्वपूर्ण हुन्छ। साथै, जोखिम न्यूनीकरण प्रतिक्रियात्मक उपायहरू व्यवस्थित रूपमा एकीकृत गर्दै सुधार गर्नुपर्छ। पानी, ऊर्जा, वन र कृषिजस्ता क्षेत्रमा सुसङ्गत र सामूहिक कार्य गर्न विशेषतः अन्तरक्षेत्रीय वा क्षेत्रीय प्रभाव भएका पूर्वाधार परियोजनाहरूका लागि सरकारलाई समस्याको एकीकृत सम्बोधन गर्न नयाँ तथा पूरक औजारहरू चाहिन्छ।

जलवायु परिवर्तन र जलवायु वित्त अन्तरसम्बन्धित भएकाले यिनीहरूले नीतिगत सवाललाई एकीकृत रूपमा सम्बोधन गर्नुपर्छ। वित्तीय अभाव, संस्थागत जबाफदेहिता र बजेट विनियोजनजस्तो सजिलै मापन गर्न सकिने नभई जलवायु परिवर्तन भिन्न क्षेत्र हो। नियमित सेवा प्रवाह र लगानी भएका कार्यक्रमहरू मन्त्रालय, विभाग र स्थानीय तहमा पर्छन्, जसले पहिले नै जलवायु परिवर्तनसँग सम्बन्धित केही समस्याहरू सम्बोधन गरिसकेका छन्।

### १.३. जलवायु परिवर्तन बजेट र खर्च

नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन बजेट सङ्केत निर्देशिका, २०१२ का आधारमा कार्यक्रम स्तरमा २०१३/०१४ देखि जलवायु परिवर्तन बजेट सङ्केत अभ्यास गर्दै अति सान्दर्भिक (१), सान्दर्भिक (२) र तटस्थ (३) मा वर्गीकरण गरेको थियो। सर्वप्रथम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सन् २०१९ र २०२० मा गतिविधि स्तरीय जलवायु बजेट सङ्केत मापदण्ड प्रस्तुत गऱ्यो। केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका लागि सरकारले विकास गरेको मापदण्ड, २०१७ सङ्घीय प्रणाली लागू भए पनि अझै प्रचलनमा छ। यसले क्षेत्रगत अनुदानको रूपमा स्थानीय सरकारमा जाने जलवायु बजेटको प्रवाह सम्बोधन गर्दैन।

निम्न तालिकाले हालको बजेट सङ्केत मापदण्डका आधारमा विगत ७ वर्ष (२०१७/०१८-२०२३/०२४) मा सङ्घीय बजेटमा जलवायु बजेटको विनियोजन देखाउँछ। अति सान्दर्भिक र सान्दर्भिक बजेट थपेर कुल जलवायु बजेट गणना गरिन्छ। कुल बजेटको तुलनामा जलवायु बजेटको प्रतिशत आर्थिक वर्ष २०१७/०१८ मा ३०.७५ प्रतिशत थियो, २०१८/०१९ मा वृद्धि भएर ३७.०३ पुग्यो भने २०१९/०२० मा घटेर ३०.२६ प्रतिशतमा आयो र फेरि २०२३/२४ मा ३५.८६ प्रतिशत पुग्यो। यस आधारमा जलवायु बजेट वृद्धिको प्रवृत्ति उकालो लाग्ने देखिएको छ। यो वृद्धि प्रमुखतः बढ्दो 'सान्दर्भिक' जलवायु बजेटका कारण भएको हो भने अति सान्दर्भिक जलवायु बजेटको अंश प्रत्येक वर्ष करिब ५ प्रतिशतको हाराहारीमा छ। आंशिक रूपमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमा समावेश भएकाले 'सान्दर्भिक' भनी सङ्केत गरिएको जलवायु बजेट बढेको देखिएको हो। यद्यपि त्यस्ता सबै बजेट जलवायु गतिविधिमा प्रयोग गर्न सकिँदैन।

**तालिका २ : जलवायु परिवर्तन बजेट विनियोजनको प्रवृत्ति (रु.अर्बमा)**

| वर्ष | उच्च सान्दर्भिक | सान्दर्भिक | तटस्थ | जम्मा बजेट | जलवायु परिवर्तन बजेट | जलवायु परिवर्तन बजेट (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| २०१३/०१४ | २७.७५ | २५.७३ | ४६३.७६ | ५१७.२४ | ५३.४८ | १०.३४ |
| २०१४/०१५ | ३४.९८ | ३१.३६ | ५५१.७५ | ६१८.१० | ६६.३५ | १०.७३ |
| २०१५/०१६ | ४६.३६ | ११२.९८ | ६६०.१० | ८१९.४७ | १५९.३७ | १९.४५ |
| २०१६/०१७ | ६१.८५ | १३९.७६ | ८४७.३१ | १०४८.९२ | २०१.६१ | १९.२२ |
| २०१७/०१८ | ५७.७३ | ३३५.६२ | ८८५.६४ | १२७८.९९ | ३९३.३५ | ३०.७५ |
| २०१८/०१९ | ५८.०० | ४२९ | ८२८.१५ | १३१५.१५ | ४८७.०० | ३७.०३ |
| २०१९/०२० | ७९.८४ | ३८४ | १०६९ | १५३२.८४ | ४६३.८४ | ३०.२६ |
| २०२०/०२१ | ७९.०९ | ३९९.७४ | ९९५.८ | १४७४.६३ | ४७८.८३ | ३२.४७ |
| २०२१/०२२ | ९४.०० | ४५५.६७ | १०९७.८७ | १६४७.५४ | ५४९.६७ | ३३.३६ |
| २०२२/०२३ | १०५.८४ | ५०३.६४ | ११८४.३५ | १७९३.८३ | ६०९.४८ | ३३.९८ |
| २०२३/०२४ | १०४.३८ | ५२३.५९ | ११२३.३४ | १७५१.३१ | ६२७.९७ | ३५.८६ |

**स्रोत :** *सम्बन्धित वर्षको बजेट भाषण, अर्थ मन्त्रालय ।*

नेपाल सरकारले जलवायु परिवर्तन प्रभाव न्यूनीकरका अधिकांश कार्यक्रम र आयोजनामा स्वदेशी र विदेशी दुवै स्रोतबाट ११ देखि १५ प्रतिशतसम्म लगानी गर्दै आएको तथ्याङ्कले देखाउँछ । तल तालिका नं. ३ ले विगत ५ वर्षको स्वदेशी तथा विदेशी स्रोतबाट लगानी भएको कुल जलवायु खर्चको प्रवृत्ति ४६२विनियोजितमध्ये बजेटको स्रोत झन्डै ९० प्रतिशत सरकारीतर्फबाट रहेको तथ्याङ्कले देखाएको छ । यसले प्रस्ट पार्छ– जलवायु खर्चमा विदेशी स्रोतको हिस्सा १० देखि १५ प्रतिशत मात्र छ । तथ्याङ्कका आधारमा भन्न सकिन्छ– नेपालले आफ्नै स्रोत/साधन उपयोग गरी जलवायु परिवर्तनका सवालहरू सम्बोधन गर्न प्राथमिकता दिएको छ ।

**तालिका ३ : स्रोतका आधारमा जलवायु परिवर्तन खर्चको प्रवृत्ति (रु. अर्बमा)**

| वर्ष | कुल जलवायु परिवर्तन खर्च | सरकारी स्रोत | जम्मा खर्चमा विदेशी स्रोतको प्रतिशत |
|---|---|---|---|
| २०१८/०१९ | ४४५.९३ | ३९५.३४ | ११.३४ |
| २०१९/०२० | ५१४.८९ | ४६२.७९ | १०.१२ |
| २०२०/०२१ | ५७६.१३ | ४८४.२० | १५.९६ |
| २०२१/०२२ | ६२९.५६ | ५६२.९४ | १०.५८ |
| २०२२/०२३ | ६८८.३८ | ६०९.२८ | ११.४९ |

**स्रोत :** *Consolidated financial statements of respective years, FCGO.*

## २. जलवायु परिवर्तन वित्तीय ढाँचा र पुनरवलोकन प्रक्रिया

जलवायु परिवर्तन वित्तीय ढाँचा (CCFF) ले योजना र बजेटसँगै नीतिगत संरचन र रणनीतिको तालमेलमार्फत उपलब्ध बजेटको प्रभावकारी प्रयोगमा सुनिश्चित विनियोजन र पारदर्शी खर्च गरी जलवायु परिवर्तनका प्रभावहरूलाई व्यवस्थित सम्बोधन गर्छ ।

जलवायु परिवर्तन वित्तीय ढाँचा सार्वजनिक वित्त व्यवस्थापनको नीतिगत मार्गचित्र हो । यसले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको विश्लेषणका आधारमा प्रवेश विन्दु पहिचान गरी योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण गर्न मार्गचित्र प्रस्तुत गर्छ । यस ढाँचाले PFM प्रणालीमा

जलवायु परिवर्तन एकीकरण मात्र होइन, सुशासनमार्फत जलवायु वित्तको अनुगमन र जबाफदेहितामा पनि जोड दिन्छ। PFM प्रणालीले जलवायुसम्बन्धी खर्च र यसको यथार्थ प्रतिवेदनका लागि प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्छ। साथै, यसले नीति निर्माता र सम्बन्धित निर्णयकर्ताहरूलाई पृष्ठपोषणसमेत प्रदान गर्छ। यसले महालेखा परीक्षकको कार्यालय (OAG), सङ्घीय र प्रादेशिक संसद् र नागरिक समाजका सङ्घ-संस्था (CSOs) जस्ता निरीक्षण निकायहरू समावेश गरी जबाफदेहिता पनि बढाउँछ। तलको तालिकाले PFM मा जलवायु परिवर्तन एकीकरणका केही सम्भावित प्रवेश विन्दु प्रस्तुत गरेको छ :

**तालिका ४ : सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन एकीकरणका प्रवेश विन्दु**

| प्रवेश विन्दु | हस्तक्षेप |
|---|---|
| योजना र बजेट | नीति ढाँचा (PF)<br>आवधिक विकास योजना र वार्षिक योजना (PDP & YP)<br>परियोजना मूल्याङ्कन (PE)<br>मध्यावधि खर्च ढाँचा (MTEF)<br>मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBS) |
| खर्च अनुगमन | जलवायु बजेट विनियोजन र खर्च निगरानी<br>जलवायु खर्चको प्रतिवेदन र विश्लेषण<br>नीति निर्माताहरूलाई बजेटबारे निर्णय गर्नुअघि नीति सिफारिस |
| जबाफदेहिता | महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण<br>बजेटचक्रका विभिन्न चरणमा संसदीय छानबिन<br>कार्यक्रम/परियोजनाको स्वतन्त्र मूल्याङ्कन<br>नागरिक समाज/सञ्चार क्षेत्रको सहभागिता |

**जलवायु परिवर्तन वित्तीय ढाँचा निर्माणका मार्गदर्शक सिद्धान्त**

- जलवायु परिवर्तनसम्बन्धी गतिविधि परिभाषित गर्ने,
- योजना, परियोजना छनोट र राष्ट्रिय बजेट प्रक्रियाहरूमा जलवायु परिवर्तनलाई मूल प्रवाहीकरण गर्न प्रवेश विन्दु पहिचान गर्ने,
- मध्यम र दीर्घकालीन योजनाबद्ध जलवायु प्रतिरोधी कार्यहरूको लागत अनुमान गर्ने,
- मध्यम र दीर्घकालीन जलवायु परिवर्तन प्रभाव न्यूनीकरण र अनुकूलनका लागि उपलब्ध स्रोतहरूको मूल्याङ्कन गर्ने,
- जलवायुसम्बन्धी बजेटको प्रभावकारी उपयोगमा जबाफदेहिता सुनिश्चित गर्ने,
- बजेटबारे निर्णय गर्नुअघि जलवायु वित्त परिचालन गर्ने योजनाकारहरूलाई पृष्ठपोषण दिने।

**जलवायु परिवर्तन वित्तीय ढाँचामार्फत सम्बोधन गरिने सवालहरू**

- जलवायु वित्त पहिचान, अनुकूलन, प्रभाव न्यूनीकरण र जलवायुजन्य क्षतिमा जलवायु वित्त पोषणका उपलब्धिबारे प्रतिवेदन गर्ने,
- योजना र बजेटमा जलवायु परिवर्तन संस्थागत गर्न बजेटमा जलवायु वित्त एकीकरण गरी जलवायु खर्च निगरानी गर्ने,
- प्रमाणमा आधारित निर्णय प्रक्रिया अवलम्बन गर्न सङ्घीय मन्त्रालयहरू संलग्न गरी अन्तरक्षेत्रीय समन्वय बढाएर PFMS मा जलवायु वित्त सुधार गर्ने। यस प्रक्रियाले जलवायु उत्तरदायी PFMS स्थापनाका लागि संस्थागत व्यवस्था, दृष्टिकोण र पद्धति बसाउन सहयोग गर्छ,

- सरकारी, अन्तर्राष्ट्रिय र निजी क्षेत्रसहित विभिन्न स्रोतबाट वित्तीय विकल्पहरू विकास गर्ने,
- जबाफदेहिता सुधार गर्न शासकीय क्षेत्र र नागरिक समाज संलग्न गराएर संयन्त्र स्थापना गर्ने,
- जलवायु वित्तमा देखिएका अन्तर र आवश्यक वित्तीय स्रोत पहिचान गरी रिक्तता मेट्ने ।

जलवायु परिवर्तन वित्तीय ढाँचाले जलवायु वित्त परिचालन, व्यवस्थापनमा सरोकारवालाहरू संलग्न गरी राष्ट्रिय प्रणालीमा जलवायु परिवर्तन मूल प्रवाहीकरण गर्ने लक्ष्य राखेको छ । यसले प्रमाणमा आधारित परिणाममुखी बजेट र सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको पारदर्शितामा सहयोग गर्छ । साथै, यस ढाँचाले बाह्य स्रोतसहित जलवायु वित्तको शासकीय सुधारमा कार्यदिशा पहिचान गर्छ ।
सन् २०१७ मा नेपाल सरकारले राष्ट्रिय योजना र बजेट प्रक्रियामा जलवायु वित्त एकीकरण गर्न जलवायु परिवर्तन वित्तीय ढाँचा निर्माण गरेको थियो । CCFF, 2017 को मुख्य उद्देश्य बजेटमा जलवायु वित्त एकीकृत गरी जलवायु खर्च निगरानी गर्ने, योजना र बजेटमा जलवायु परिवर्तन पारदर्शित र जबाफदेहितासाथ संस्थागत गर्ने हो । यसले प्रचलित सार्वजनिक वित्त व्यवस्थापन प्रणाली विश्लेषणका आधारमा प्रवेश विन्दु पहिचान गर्दै योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्ने मार्गचित्र विकास गऱ्यो । यसमा PFM सुधारका चार प्रवेश विन्दु छन्– १) योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्ने, २) अनुगमन र प्रतिवेदन, ३) सुधारिएको जबाफदेहिता एवं ४) शासकीय क्षमता सुधार । निम्न तालिकाले सुधारका यी क्षेत्रका केही प्रमुख हस्तक्षेपहरू देखाउँछ :

**तालिका ५ : राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा, २०१७ मा प्रस्तावित सुधार क्षेत्र र हस्तक्षेप**

| सुधार क्षेत्रहरू | प्रस्तावित हस्तक्षेपहरू |
|---|---|
| **योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण** | खर्च निगरानी गर्न विद्यमान बजेट व्यवस्थापन प्रणालीहरूको स्तर वृद्धि गर्ने, जलवायु बजेट विनियोजन र खर्चको क्षेत्रगत तथ्याङ्कसहित प्रतिवेदनहरू बनाउने ।<br>उच्चस्तरीय छलफल र बजेटसम्बन्धी निर्णय गर्न अर्थ मन्त्रालयमातहतको जलवायु परिवर्तन वित्त एकाइ सुधार गर्ने ।<br>जलवायु बजेट सङ्केत दिग्दर्शनमा सुधार गर्ने ।<br>मध्यावधि खर्च ढाँचामा जलवायु परिवर्तन एकीकृत गर्ने ।<br>पन्ध्रौं आवधिक विकास योजनामा जलवायु वित्त लागत अनुमान गर्ने । |
| **जलवायु परिवर्तन वित्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण** | जलवायु वित्त अनुगमन गर्न FMIS मा जलवायु परिवर्तन खर्चको प्रतिवेदन समावेश गर्ने ।<br>जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको नीतिगत अनुगमन गर्ने ।<br>स्थानीय तहमा जलवायु वित्तलाई प्राथमिकतासहित व्यवस्थापन र वितरण गर्न स्थानीय सरकारहरूको FMIS प्रणाली सुधार गर्ने । |
| **बजेटमा जलवायु परिवर्तन वित्तको प्रभावकारिताका लागि सुधारिएको जबाफदेहिता** | छनोट गरिएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तेस्रो पक्ष/स्वतन्त्रबाट मूल्याङ्कन गराउने । जलवायु परिवर्तन बजेट तर्जुमा, कार्यान्वयन र खर्च निगरानीमा नागरिक समाज, सङ्घ-संस्थाहरूलाई सहभागी गराउने ।<br>सांसदहरू जलवायु परिवर्तन वित्तबारे प्रश्न उठाउन बजेट निरीक्षण प्रक्रियालाई मुख्य प्रवेश विन्दुका रूपमा ग्रहण गर्छन् । |
| **जलवायु परिवर्तन वित्त सुशासनमा सुधारिएको क्षमता** | जलवायु परिवर्तन र जलवायु वित्त समन्वयमा जलवायु परिवर्तन वित्त एकाइका सदस्यहरूलाई प्रशिक्षित गरी खर्च प्रतिवेदन विश्लेषण गर्ने र आर्थिक सर्वेक्षणका लागि खाका तयार गर्ने । |

| | |
|---|---|
| | जलवायु वित्त समन्वित योजनामा अन्तरमन्त्रालय समन्वय समिति (IMCC) का सदस्यहरूलाई तालिम दिने ।<br>विषयगत मन्त्रालयका योजना अधिकृत, जलवायु सम्पर्क व्यक्ति र लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई जलवायु परिर्तन एकीकरणका कार्यक्रम प्रवर्द्धन गर्न तालिम दिने । |

जलवायु परिवर्तन र सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रमा देखिएका पछिल्ला घटनाक्रमले NCCFF, 2017 परिमार्जन गर्नुपरेको हो । वातावरण संरक्षण ऐन २०१९, राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०१९, राष्ट्रिय रूपमा निर्धारित योगदान २०२० र राष्ट्रिय अनुकूलन योजना २०२० लागू गरिएका प्रमुख कानून र नीतिका केही उदाहरण हुन् । सरकारले NCCFF, 2017 को मार्गचित्रमार्फत प्रगति गरी कार्यान्वयनबाट सिकेका कमजोरी र पाठहरूबाट थप सिक्नु आवश्यक छ । जलवायु परिवर्तन बजेट एकीकरण सूचकाङ्क+ २०२३ (CCBII+) मूल्याङ्कनले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन मूल प्रवाहीकरण सुदृढ गर्ने अवसर पहिचान गरेको छ । CCFF का पुराना तथ्याङ्क र सूचनालाई नयाँ तथ्याङ्क र सूचनामार्फत पुनरवलोकन गर्नु आवश्यक छ ।

## २. जलवायु परिवर्तन वित्तीय ढाँचाका प्रमुख तत्त्व र अवयव

जलवायु परिवर्तन वित्तीय ढाँचा निर्माण गर्दा जलवायु परिवर्तनसम्बन्धी खर्च अनुमान गर्ने मुख्य तत्त्वहरूमा केन्द्रित हुनु, कोषका कमीकमजोरी पहिचान गरी देखिएका रिक्तता पूरा गर्नु आदि छन् (चित्र १)। CCFF को यो दृष्टिकोण वित्तीय ढाँचाका अन्य अवयवसँगै वित्तीय अन्तर पूरा गर्न भविष्यमा सुनिश्चित गर्नुपर्ने वित्तीय स्रोतहरू ध्यानमा राख्दै जलवायु खर्चको तयारी र यसको सुशासनमा केन्द्रित छ।

**चित्र १ : वित्तीय खाकाका तत्त्वहरू**




*(Adapted from ACT, 2017)*


वित्तीय ढाँचाका प्रमुख तत्त्वहरू

वित्तीय ढाँचाले जलवायु परिवर्तन वित्त पहिचान गरी यसबाट हुने क्षतिको प्रतिवेदन तयार गर्न मद्दत गर्छ। यसले पहुँचमा पारदर्शिता कायम गर्छ, कोष परिचालन र वितरण सुनिश्चित गरी जलवायु वित्त सुशासन सुधार गर्छ। ढाँचाले बजेटमा जलवायु वित्त एकीकृत गरी खर्च निगरानी गर्छ र केन्द्रीय मन्त्रालयहरू संलग्न गरी सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु वित्त सुधार्न विषयगत मन्त्रालयहरूबीच समन्वय गर्छ। प्रमाणमा आधारित निर्णय प्रक्रिया स्थापित गरी संस्थागत व्यवस्था, दृष्टिकोण र जलवायु उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापन प्रणाली स्थापना गर्न आवश्यक विधि तय। यसले सरकारी, अन्तर्राष्ट्रिय र निजी क्षेत्र लगायतका सम्भावित लगानीका स्रोतहरू पहिल्याउँछ र जबाफदेहितामा जोड दिन्छ।

जलवायु परिवर्तन वित्तीय ढाँचा योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्न, देशको रणनीतिक जलवायु लक्ष्य हासिल गर्न, वित्त परिचालन र व्यवस्थापन गर्न नीतिगत खाकाका रूपमा निर्माण गरिएको छ। यो ढाँचा राज्यको व्यापक आर्थिक विकास गर्न देशका वित्तीय नीतिहरूका सन्दर्भमा बनाइएको हो (चित्र २)। नेपालको संविधानले जलवायु परिवर्तनसम्बन्धी गतिविधि तीनै तहका सरकारका लागि अनिवार्य गरेको छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०१९ ले सबै क्षेत्रमा जलवायु अनुकूलन र प्रभाव न्यूनीकरण कार्यलाई प्राथमिकता दिन्छ। आवधिक विकास योजनाहरूमा केन्द्रित जलवायु परिवर्तनका सवालहरू यस ढाँचाले सम्बोधन गरी राष्ट्रिय योजना आयोग (NPC), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (NNRFC) जस्ता राष्ट्रिय समन्वयकारी निकाय तथा मन्त्रालयहरूको भूमिका प्रस्ट पार्छ।

आवधिक विकास योजना र माध्यमिक खर्च ढाँचासँग वार्षिक कार्यक्रम र बजेटको तालमेल मिलाउन सरकारलाई जलवायु परिवर्तनसँग सम्बन्धित स्पष्ट नीति र रणनीति अत्यावश्यक हुन्छन्। वार्षिक कार्यक्रम र बजेट निर्माणमा प्रचलित मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) जलवायु परिवर्तन बजेट विनियोजन निगरानी गर्ने आधारशिला हो। PMF प्रणालीजस्तै विभिन्न तहमा सञ्चालित TSA, CGAS र FMIS जस्ता अन्य प्रणाली जलवायु बजेट र खर्च प्रतिवेदन कार्यान्वयन गर्न अन्तरसम्बन्धित छन्।

**चित्र २ : जलवायु परिवर्तन वित्तीय खाकाको मुख्य घटकहरू**




जलवायु परिवर्तन प्रभाव सम्बोधन गर्न राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) र राष्ट्रिय अनुकूलन योजना (NAP) मा अनुमान गरिएका महत्त्वपूर्ण स्रोतहरू चाहिन्छन् । स्रोतको अन्तर पूर्ति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय वित्त परिचालन महत्त्वपूर्ण हुन्छ । बजेट विनियोजन, जलवायु खर्च निगरानी र प्रतिवेदन समन्वय गर्ने कार्य सफल पार्न संस्थागत सुदृढीकरण र क्षमता विकास आवश्यक छ ।

जलवायु लगानीको खर्च अनुगमन र निगरानी गर्न, निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न बलियो संयन्त्र चाहिन्छ । CGAS, TSA र LMBIS आपसमा जोडिएका छन् । एकीकृत FMIS मार्फत जलवायु खर्च नियमित रूपमा निगरानी गरिन्छ । लेखापरीक्षण प्रतिवेदनमाथि छलफल र जलवायु खर्चमा जबाफदेहिता सुनिश्चित गर्न संसदीय समितिको महत्त्वपूर्ण भूमिका हुन्छ भने महालेखा परीक्षकको कार्यालयले जलवायु परिवर्तनसम्बन्धी छानिएका कार्यक्रम र नतिजामा केन्द्रित आयोजनाहरूको कार्यसम्पादनमा आधारित लेखापरीक्षण गर्ने गर्छ । हुन त NPC को प्रक्रिया प्रदर्शन सूचक (PPIs) ले राम्ररी काम गरेको छैन तर जलवायु परिवर्तन बजेट खर्चको निगरानी गर्ने योजनाकारलाई उपयुक्त निर्णय लिन PPIs महत्त्वपूर्ण हुन्छ ।

सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीका यी सुधारले पारदर्शी र जबाफदेही वितरण, वित्तीय जबाफदेहिता र वित्तीय कार्यविधिमा आधारित खर्च प्रतिवेदनमा जोड दिँदै बजेट प्रक्रियामा सुधार गरेको छ । CCFF मा भएका सुधारहरूले सार्वजनिक वित्त व्यवस्थापन प्रणाली सुदृढ गर्न ज्ञान, क्षमता अभिवृद्धि, अनुसन्धान र नीति निर्माणमा नागरिक समाज, सङ्घ-संस्था लगायत सरकारी र निजी क्षेत्रद्वारा चालिएका पहलहरू सुदृढ गर्न मद्दत गर्छ । प्रस्तुत वित्तीय ढाँचाले जलवायु परिवर्तन एकीकरणका लागि योजना र बजेटका विभिन्न घटकबीचको सम्बन्ध देखाउँछ । जलवायु कार्यक्रमको प्रभावकारिता सुधार गर्न योजनाकारहरूलाई खर्च र प्रभावकारिताबारे पृष्ठपोषण उपलब्ध गराउँछ ।

# ४. सरकारको बजेट तर्जुमा प्रणाली

## ४.१ रणनीतिक योजना र मध्यावधि खर्च ढाँचा

रणनीतिक योजना बजेट निर्माण प्रक्रियाको आधार हो । यसमा राष्ट्रिय आवधिक विकास योजना, क्षेत्र योजना र मध्यावधि खर्च ढाँचा समावेश हुन्छन् । राष्ट्रिय योजना आयोगले सरकारी निकाय, सांसद,

दाता, विज्ञ, निजी क्षेत्र, नागरिक समाज लगायत विभिन्न सरोकारवालाको सुझावका आधारमा आवधिक योजना तयार गर्छ। प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास परिषद् (NDC) ले आवधिक योजना सिफारिस गर्छ भने मन्त्रिपरिषद्ले स्वीकृत गरी कार्यान्वयन गर्छ।

आवधिक योजनामा समाविष्ट क्षेत्रगत रणनीति, विशेष दूरदृष्टि, अठोट, लक्ष्य, उद्देश्य, वित्तीय आवश्यकता र अपेक्षित परिणामहरू रेखाङ्कन गरिएको हुन्छ। अन्तरसम्बन्धित मुद्दा भएकाले जलवायु परिवर्तन विभिन्न क्षेत्रका आवधिक योजनाहरूमा सम्बोधन गरिएको छ। मध्यावधि खर्च ढाँचाअनुसार सरकारका सामाजिक, आर्थिक प्राथमिकता र विकास प्रतिबद्धताहरू बजेटले प्रतिबिम्बित गर्ने सुनिश्चित गर्दै त्रिवर्षीय खर्च योजना निर्धारण गर्छ। विभिन्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर वार्षिक बजेट विनियोजन गरिन्छ।

### ४.२ परिणाम आधारित बजेट र कार्यसम्पादन सम्झौता

**कार्यसम्पादन सम्झौताका प्रमुख सामग्री**


- कार्यालयका उद्देश्य,
- उद्देश्य प्राप्तिका लागि प्रदान गर्ने सेवा र गरिने काम,
- भारमा आधारित अपेक्षित परिणाम,
- कार्यसम्पादन गर्ने समय,
- कामको स्तरीयता र व्यवस्था अनुगमन,
- कार्य सम्पन्नता प्रतिवेदन,
- कामको प्रकृतिअनुसार अन्य आवश्यकीय पक्ष।

सरकारले गरिबी न्यूनीकरण रणनीतिक योजना (PRSP) समावेश गरिएको दशौँ आवधिक योजना (२००२/००३–२००६/००७) देखि प्रत्येक विकास क्षेत्रका पारिणामिक ढाँचा, मध्यावधि खर्च ढाँचा निर्माण गरी सरकारी वित्तलाई परिणामसँग जोड्दै आएको छ। मध्यावधि खर्च ढाँचाका मुख्य चार उद्देश्य छन्– (क) सुसङ्गत र यथार्थपरक ढाँचा विकास गर्ने; (ख) बजेट विनियोजन प्राथमिकता क्षेत्रमा केन्द्रित गर्ने; (ग) बजेट उपयोगमा दक्षता र प्रभावकारिता बढाउने र (घ) विकास बजेटलाई थप परिणाममुखी बनाउने। कार्यसम्पादनका विभिन्न सूचकहरूसँग जोडिएको कार्यसम्पादन सम्झौता खर्च गर्ने सबै अधिकारीहरूका लागि आवश्यक हुन्छ। सँगैको बाकसमा कार्यसम्पादन सम्झौताका मुख्य सामग्री राखिएका छन्।

सरकारले नतिजामुखी कार्य संस्थागत गर्न केन्द्रीय स्तरका प्रत्येक विकास आयोजनाको अभिलेख ढाँचा अनिवार्य गरी कार्यसम्पादनका आधारमा बजेट निकासा प्रणाली लागू गरेको छ। आयोजना तथा कार्यक्रमहरूको कार्यसम्पादन मूल्याङ्कन गर्न एकीकृत राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका लागू गरिएको छ। अनुगमन तथा मूल्याङ्कन ऐन २०८० ले कानूनी ढाँचाभित्र रहेर आयोजना तथा योजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ। सबै सरकारी निकायमा बृहत् राष्ट्रिय परिमाण ढाँचा सञ्चालन गरी परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन एवं योजना र बजेट प्रणाली संस्थागत गर्न धेरै चुनौती छन्। परिमाणमा आधारित व्यवस्थित बजेटले परिणाम ढाँचासँग वार्षिक योजना र बजेटको सम्बन्ध स्थापित गर्छ। योजनाको अनुगमन तथा मूल्याङ्कन (M&E) प्रक्रियामा सूचना प्रविधि (IT) को भरपुर उपयोग, मध्यावधि खर्च ढाँचा प्रक्रियामा आन्तरिकीकरण र अनुगमन तथा मूल्याङ्कनका एकाइहरूमा प्रशिक्षित जनशक्तिको व्यवस्थाजस्ता सवालहरू सम्बोधन गर्ने गरिएको छ।

### ४.३ प्रचलित सार्वजनिक वित्त व्यवस्था प्रणालीमा अपेक्षित जलवायु परिवर्त वित्तीय ढाँचा

जलवायु परिवर्तन (CC) र जलवायु वित्त (CF) लाई विभिन्न तहका सार्वजनिक वित्त व्यवस्थापन (PFM) प्रणालीमा एकीकृत गर्दा माथिदेखि तलसम्मका सरकारी नीति, रणनीति र लक्ष्यहरूसँग मिल्ने ऊर्ध्वतर योजना प्रक्रिया (Buttom up Planning Process) लाई सहज बनाउँछ। जलवायु परिवर्तन वित्तीय ढाँचा (CCFF) ले बजेटचक्रमा प्राथमिकता, विनियोजन र जलवायु वित्त प्रभावकारी खर्च निगरानी गर्न प्रवेश विन्दुहरू प्रयोग गर्छ।



चित्र ३ : PFM प्रणालीमा अपेक्षित CCFF आधार

विभिन्न तहमा प्रचलित सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन र जलवायु परिवर्तन वित्त एकीकरण गर्दा योजना प्रक्रियामा अधोतर निर्देशित नीति (Top down Policy Guidance), रणनीति, लक्ष्य निर्धारण र ऊर्ध्वतर योजना प्रक्रिया (Buttom up Planning Process), दृष्टिकोणमा केन्द्रित भई प्रस्ट तस्बिर बनाउने भएकाले नीति, कार्यक्रम र बजेट प्रस्ताव गर्न सजिलो हुन्छ। जलवायु परिवर्तन वित्तीय ढाँचाले बजेटचक्रमा प्रवेश बिन्दु पहिचान गरी प्राथमिकताका आधारमा जलवायु वित्तको प्रभावकारी विनियोजन र खर्च निगरानी गर्न मार्गनिर्देशन गर्छ। योजना प्रक्रियामा यो ढाँचा एकीकरण गर्दा योजन निर्माणदेखि नीति, कार्यक्रम र बजेट विवरणमा एउटै साझा भाषा र सङ्केतहरू प्रयोग हुन्छन्। जलवायु परिवर्तन सम्बद्ध कार्यक्रम र परियोजनामा बजेट कार्यान्वयका आधारहरूसँग नीति र निर्णय समायोजित गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशित गर्ने अधोतर निर्देशन प्रक्रिया प्रस्ट हुनुपर्छ।

राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले योजना निर्माण, नीति तथा कार्यक्रम र बजेट तयारीका लागि विषयगत मन्त्रालयहरूलाई जलवायु परिवर्तन एकीकरणमा नीतिगत निर्देशन गरी स्रोतहरू उपलब्ध गराउँछन्। विषयगत मन्त्रालयहरूले आआफ्ना विभाग र परियोजनाहरूलाई निर्देशन दिन्छन्। मन्त्रालय मातहतका विभाग तथा आयोजनाहरूले LMBIS मार्फत सम्बन्धित मन्त्रालयमा प्रस्तावित बजेट पेस गर्छन्। विषयगत मन्त्रालयले जलवायु परिवर्तन लगायत बजेट तथा कार्यक्रम सङ्कलन गरी रीष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेस गर्छन्। राट्रिय योजना आयोग र अर्थ मन्त्रालयले प्रस्तावित बजेटबारे सम्बन्धित मन्त्रालयसँग छलफल गरी अन्तिम रूप दिन्छन्।

## ५. नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तन एकीकृत गर्ने प्रयास

नेपाल सरकारसँग जलवायु बजेट विनियोजन र खर्च निगरानी गर्न जलवायु परिवर्तन बजेट सङ्केतीकरणको दशक लामो अनुभव छ । सन् २०२३ मा UNDP ले लैङ्गिक संवेदनशील जलवायु परिवर्तन बजेट एकीकरण सूचकाङ्क (CCBII+) प्रयोग गरी PFM प्रणालीमा जलवायु परिवर्तन एकीकरणको मूल्याङ्कन गरेको थियो ।

CCBII+ पद्धतिले सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व (PEFA) सूचकहरू (बजेट वर्गीकरण, वित्तीय रणनीति, बजेट विनियोजन, वित्तीय प्रतिवेदन र लेखापरीक्षण, लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणसमेत) लाई तीनवटा विस्तृत आयाममा समावेश गरी ९ वटा दृष्टिकोणबाट ३६ वटा सूचकका आधारमा तत्परताको स्तर मूल्याङ्कन गर्छ । यस पद्धतिअन्तर्गत सार्वजनिक वित्त व्यवस्थापनमा जलवायु परिवर्तन (CC) एकीकरणका लागि पूर्णाङ्क ८० र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण (GESI) को दृष्टिकोणबाट २० छुट्ट्याइन्छ । PFM सँग पूर्ण रूपमा एकीकृत हुँदा GESI को कुल अङ्कभार ४४ हुन्छ । राष्ट्रिय बजेट, सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन एकीकरणको मूल्याङ्कन गर्न प्रयोग गरिने आयाम निम्नअनुसार दिइएको छ :

| आयाम | दृष्टिकोण |
|---|---|
| **नीति र कानुनी आयाम** | यसले जलवायु परिवर्तन नीति, मान्यता र जलवायु परिवर्तन एकीकृत गर्ने प्रतिबद्धतासम्बन्धी चेतनाको स्तर मूल्याङ्कन गर्छ । साथै, यसले जलवायु परिवर्तन नीतिहरूलाई बजेटसँग जोड्ने सक्षम पनि मूल्याङ्कन गर्छ । |
| **प्रणाली आयाम** | यसले जलवायु परिवर्तन आत्मसात् गर्न सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको क्षमता र वर्तमान अभ्यासहरू जाँच गर्छ । |
| **जबाफदेहिता आयाम** | यसले समग्र सार्वजनिक वित्त व्यवस्था र जबाफदेहिता प्रणालीमा जलवायु परिवर्तन एकीकरण विस्तार विश्लेषण गर्छ । |

### ५.१ CCBII+ मूल्याङ्कनका निष्कर्ष

UNDP द्वारा सन् २०२३ मा गरिएको जलवायु परिवर्तन बजेट एकीकरण सूचकाङ्क मूल्याङ्कन प्रतिवेदनले नेपाल सरकारले सार्वजनिक वित्त प्रणालीमा जलवायु परिवर्तन एकीकृत गर्न महत्त्वपूर्ण सुधारमार्फत गहन प्रतिबद्धता देखाएको उल्लेख गरेको छ । सार्वजनिक वित्त प्रणालीमा जलवायु परिवर्तन एकीकरणतर्फ प्रणाली आयाममा २७ मध्ये २३ (८५ प्रतिशत), नीति र कानूनी आयाममा २८ मध्ये १८ (६४ प्रतिशत) र जबाफदेहिता आयाममा २५ मध्ये १० (४० प्रतिशत) अङ्क ल्याएर प्रगति उच्च प्रतिबद्धता देखाएको हो । सोही मूल्याङ्कनअनुसार लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणतर्फ नीति र कानूनी आयाममा ९ मा ३ (३३.३३ प्रतिशत), प्रणाली आयाममा ५ मा १ ( २० प्रतिशत) अङ्क पाए पनि जबाफदेहिता आयाम शून्य रह्यो । यसले पूर्णाङ्क २० मा जम्मा ४ अङ्क (२० प्रतिशत) का साथ सार्वजनिक वित्त व्यवस्थापनभित्र जलवायु परिवर्तन एकीकरण र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणसमेतको अवस्था एकदमै कमजोर देखाउँछ । साथै संयुक्त मूल्याङ्कअनुसार जलवायु परिवर्तनका लागि ६४ प्रतिशत र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणकाका लागि ११ प्रतिशत अङ्क उपलब्ध छ । CCBII+ प्रतिवेदनको विस्तृत अङ्क अनुसूची ७ मा दिइएको छ ।

'नीति र कानूनी आयाम' ले एकीकरणको स्तर उच्च (६४ प्रतिशत) अङ्क आउनु र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणमा १७ प्रतिशत मात्र अङ्क ल्याउनुले स्रोतसाधनको बाँडफाँटमा स्पष्ट अन्तर देखिन्छ ।

'प्रणाली' आयाममा प्राप्त ८५ प्रतिशत अङ्कले नेपालसँग सार्वजनिक वित्त व्यवस्थापनमा जलवायु परिवर्तन एकीकृत गर्न बलियो प्रणाली रहेको सङ्केत गर्छ। यद्यपि, लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको १७ प्रतिशत अङ्कले भने अवस्था दयनीय देखाउँछ। यस आधारमा लैङ्गिक उत्तरदायी भए पनि बजेटले महिला, बालबालिका, ज्येष्ठ नागरिक र सामाजिक रूपमा सीमान्तकृत समूहहरूको जलवायु जोखिम कम गर्ने कुरा प्रतिविम्बित गरेको छैन ।

सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन एकीकरणले ४० प्रतिशत र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणका लागि ० प्रतिशत अङ्क प्राप्तिले 'जबाफदेहिता' आयाम साह्रै कमजोर देखाउँछ। राष्ट्रिय अर्थतन्त्र, प्राकृतिक वातावरण र महत्त्वपूर्ण मानिने जनसङ्ख्याको सबैभन्दा जोखिममा परेको वर्गमा जलवायु प्रभावलाई प्राथमिकता दिन जलवायु परिवर्तन योजना र बजेटमा व्यापक संसदीय समीक्षा आवश्यक छ ।

हुन त सरकारले लैङ्गिक समानतालाई बजेट प्रक्रियामा समावेश गर्न, प्रभावकारी स्रोत विनियोजन, लैङ्गिक समानता र महिला सशक्तीकरण अगाडि बढाउन लैङ्गिक उत्तरदायी बजेट लागू गरेको छ। तर, जलवायु परिवर्तन प्रभाव न्यूनीकरणका लागि स्रोत बाँडफाँटमा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको पाटोमा सुधार गर्ने ठाउँ अझै धेरै छन्। लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणका दृष्टिले बजेटमा जलवायु परिवर्तन एकीकृत गर्दा विभिन्न सामाजिक समूहमा यसका विविध प्रभाव विचार गर्नु आवश्यक छ ।

जलवायु परिवर्तन एकीकरणको प्रणाली आयाम बलियो बनाउन, प्रभावकारी कार्यान्वयन र जलवायु नीतिहरूको दीर्घकालीन सफलता सुनिश्चित गर्नु आवश्यक छ। किनभने जलवायु परियोजनाहरूले कर्मचारीतन्त्रमा केही हदसम्म वैज्ञानिक शिक्षाका अवसर प्रदान गर्छ तर त्यो मुख्य प्रभावित क्षेत्रहरूमै सीमित हुन्छ। त्यसैले जलवायु परिवर्तनलाई कार्यक्रम स्तरमा आत्मसात् गर्न सक्ने प्रणाली विकासमा जोड दिँदै विभिन्न क्षेत्र र जनसङ्ख्याबीच राष्ट्रव्यापी जलवायु प्रभाव सम्बोधन गर्न चुनौती सामना गर्नुपर्छ। यसले दिगो परिणाम, पारदर्शिता, जबाफदेहिता र जलवायु प्रभाव न्यूनीकरणको समग्र प्रभावकारिता सुधार गर्न योगदान पुऱ्याउँछ ।

सङ्घीय सरकारको तत्परताले जलवायु परिवर्तनलाई सार्वजनिक वित्त प्रणालीमा एकीकृत गर्न सहयोग पुऱ्याउने धेरै उपाय छन् :

- जलवायु परिवर्तनलाई कानूनी, नीतिगत, वित्तीय र रणनीतिक ढाँचामा प्रवाह गर्न जलवायु कानून निर्माण, बजेट निगरानी र राष्ट्रिय रूपमा निर्धारित योगदानसहित विश्वव्यापी प्रतिबद्धताजस्ता पहलहरू कार्यान्वयन गर्न बलिया कानूनी आधार बनाउने ।
- कार्यकारी निकायलाई जलवायु खर्चबारे छुट्टाछुट्टै प्रतिवेदन पेस गराई आवश्यक मार्गदर्शनका लागि जलवायु खर्चबारे संसदीय सुनुवाइ सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- आवश्यक परिमार्जनका साथ अन्य मन्त्रालय र प्रदेश/स्थानीय स्तरका गतिविधिमा जलवायु बजेट निगरानी विस्तार गर्ने ।
- कार्यान्वयन गर्ने निकायहरूलाई पृष्ठपोषण गर्न जलवायु सान्दर्भिक कार्यक्रमहरूको नियमित लेखापरीक्षण गर्ने ।

- बजेट तर्जुमा, जलवायु खर्च प्रतिवेदन र बजेटपूर्वका बैठक आदिमा सामाजिक संस्था, नागरिक समाजको सहभागिता र साझेदारी बढाउने ।
- लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणसम्बन्धी जोखिम घटाउन जलवायु लगानीको प्रभावकारी मूल्याङ्कनका लागि सशक्त आधार दिँदै जलवायु बजेट विनियोजन र खर्चको उपयुक्त वातावरण तयार गर्न लैङ्गिक उत्तरदायी बजेट र जलवायु बजेट सङ्केतलाई सञ्जालीकरण गर्ने ।

## ६. जलवायु परिवर्तन वित्तीय ढाँचाको प्रगति

नेपाल सरकारले महत्त्वपूर्ण सुधारहरू गर्दै जलवायु परिवर्तनलाई सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा समावेश गर्न दृढ प्रतिबद्धता देखाएको छ। सन् २०११ मा पहिलो पटक जलवायुसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत समीक्षा (CPEIR) का साथ सार्वजनिक वित्त व्यवस्थापन सुधार सुरु भयो। CPEIR अध्ययनपछि सरकारले वार्षिक बजेटमा जलवायुसँग सम्बन्धित बजेट सङ्केत गर्न थालेको हो। सन् २०१७ को राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा (NCCFF) सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन बजेट प्रवाहीकरणका लागि कोसेढुङ्गो साबित भयो, जसले प्राथमिकता प्राप्त चार क्षेत्रमा सशक्त सुधारका प्रक्रिया सुरु गरायो। त्यसयता जलवायु परिवर्तन बजेट सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा प्रवाहीकरण गर्न अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र अन्य विषयगत मन्त्रालयहरूको नेतृत्वमा विभिन्न सुधार भएका छन्। निम्न तालिकाले सुधारका सुझाव प्रस्तुत गरेको छ :

**तालिका ७ : NCCFF २०१७ मा प्रस्तावित सुधारका प्रमुख हस्तक्षेप**

| NCCFF 2017 **मा उल्लिखित सुधार क्षेत्र** | **प्रमुख हस्तक्षेपका सारांश** |
|---|---|
| **योजना र बजेटचक्रमा जलवायु परिवर्तनको एकीकरण** | ५ अक्टोबर २०१६ मा नेपाल सरकारले पेरिस सम्झौता अनुमोदन गऱ्यो। सन् २०१६ र २०२० मा क्रमशः पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान (NDC) UNFCCC बुझायो।<br>कार्बन व्यापारसहित जलवायु अनुकूलन, जोखिम व्यवस्थापन र कार्बन न्यूनीकरणका लागि स्पष्ट प्रावधानसहित वातावरण संरक्षण ऐन २०१९ र यसको नियमावली बन्यो।<br>राष्ट्रिय जलवायु परिवर्तन नीति २०११ लाई राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९ द्वारा प्रतिस्थापन गरियो। सङ्घीय सन्दर्भमा अद्यावधिक गरिएको यस नीतिमार्फत कृषि र खाद्य सुरक्षा, जलस्रोत र ऊर्जा, वन, जैविक विविधता, जलाधार संरक्षणसहित १० प्राथमिकताका क्षेत्र पहिचान भए। यसले नयाँ सङ्घीय संरचनाअन्तर्गत जलवायुसम्बन्धी बजेटको कम्तीमा ८० प्रतिशत स्थानीय स्तरका कार्यक्रम कार्यान्वयनमा परिचालन गर्ने प्रावधान पनि राखेको छ।<br>नेपाल सरकारले सन् २०२० मा तयार गरेको विस्तृत राष्ट्रिय अनुकूलन योजना (NAC) ले यथार्थका आधारमा कमजोर क्षेत्र, गरिब र जनसाङ्ख्यिक समूहहरूको उत्थानमा रणनीतिक दृष्टिकोण र प्राथमिकताबद्ध कार्यक्रम सुरु गऱ्यो।<br>जलवायु प्रकोपहरूबाट हुने क्षति मूल्याङ्कन र गणना गर्न जलवायुजन्य हानि र क्षति ढाँचा २०२१ तयार गरियो।<br>जलवायु योजना र कार्यक्रमहरूमा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणलाई मूल धारमा ल्याउन जलवायु परिवर्तन रणनीति र कार्ययोजनामा लैङ्गिक सशक्तीकरण र सामाजिक समावेशीकरण समेटिएको छ।<br>सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन हासिल गर्न राष्ट्रिय स्तरमा निर्धारित योगदान र विस्तृत कार्यान्वयन योजना विकास गरिएको छ। |

| | |
|---|---|
| | बजेट यथार्थपरक बनाउन र सरकारका विभिन्न तहमा खर्चमा जबाफदेहिता कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ निर्माण गरिएको छ ।<br>विभिन्न योजना, बजेट र खर्च निगरानी प्रणाली (LMBIS, BMIS, FMIS, TSA CGAS, PLMBIS and SuTRA) विकास गरी कार्यान्वयनमा ल्याइएको छ । यद्यपि, SuTRA (सुत्र) र अन्य प्रणालीबीच आन्तरिक सम्बन्ध स्थापना भएको छैन । यसले जलवायु बजेट विनियोजन र खर्च निगरानीमा बाधा पुऱ्याउँछ ।<br>चौधौँ र पन्ध्रौँ आवधिक योजनामा जलवायु परिवर्तनलाई छुट्टै अध्यायका रूपमा समावेश गरियो ।<br>जलवायु उत्तरदायी सार्वजनिक क्षेत्रमा लगानी बढाउन उच्च स्तरको बजेट सीमा स्थापना गर्न राष्ट्रिय योजना आयोगद्वारा प्रयोग गरिएका मापदण्डहरू आर्थिक वर्ष २०१५/०१६ मा परिमार्जन गरिए ।<br>बजेट निर्माण प्रक्रियामा जलवायु वित्त एकीकृत गर्न बजेट निर्देशिका सुधार गरियो ।<br>कृषि र पशुपन्छी विकास मन्त्रालय एवं वन तथा वातावरण मन्त्रालयका लागि गतिविधि स्तरीय जलवायु परिवर्तन सङ्केत दिग्दर्शन बनाइयो । तर, यसले गतिविधि स्तरीय जलवायु बजेट र खर्च निगरानी गरी प्रतिवेदन तयार गर्न सकेको छैन । |
| **जलवायु परिवर्तन वित्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण** | जलवायु परिवर्तन बजेट र खर्च निगरानीलाई राष्ट्रिय लेखा शीर्षक (CoA) सँग समन्वय गर्न प्रदेश र स्थानीय सरकारका लागि लेखा शीर्षक सुधार गरिएको छ ।<br>जलवायुसम्बन्धी खर्चमा नियमित बजेट विनियोजन र खर्च प्रतिवेदन संरचित तरिकाले राख्ने सार्वजनिक वित्त व्यवस्थापन प्रणालीले खर्चको प्रवृत्तिगत समीक्षा र विश्लेषण गर्न सहयोग गर्छ । |
| **बजेटमा जलवायु परिवर्तन वित्तको प्रभावकारिता र दक्षताका लागि सुदृढ जबाफदेहिता** | सन् २०१५ देखि व्यवस्थापिका संसद्को लेखा समितिले क्षेत्रीय स्तरमा सरोकारवालाहरूसँग पूर्वबजेट छलफल गर्दै आएको छ । संशोधित वित्तीय कार्यविधि र वित्तीय उत्तरदायित्व ऐनले बजेटमा सरोकारवालाहरूको विविध चासो सम्बोधन गर्न सांसदहरूलाई अवसर दिएको छ ।<br>राष्ट्रिय योजना आयोगले छानिएका जलवायु परिवर्तन कार्यक्रमहरूको तेस्रो पक्ष/स्वतन्त्र मूल्याङ्कन सुरु गरेको छ । महालेखा परीक्षकको कार्यालयले छानिएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको कार्यसम्पादन क्षमता मूल्याङ्कन र लेखापरीक्षण गर्छ ।<br>सरकारले जलवायु खर्चमा उत्तरदायित्वको स्तर मूल्याङ्कन गर्न सार्वजनिक खर्च एवं वित्तीय उत्तरदायित्व (PEFA) मा जलवायु परिवर्तन मूल्याङ्कन गरेको छ । |
| **जलवायु परिवर्तन प्रशासनमा क्षमता सुधार** | सङ्घीय संसद्, प्रदेश र स्थानीय सभाहरूका लागि जलवायु वित्त हातेपुस्तिका प्रकाशन गरिएको छ । |

माथिका अधिकांश हस्तक्षेप नीति र कानूनी पक्षसँग सम्बन्धित छन् । राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा २०१७ को मार्गचित्रमा 'योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण' का सुधार क्षेत्रअन्तर्गत पाँच गतिविधि प्रस्ताव गरिएको थियो । सूचना प्रविधि प्रणालीको स्तरोन्नतिमा केही प्रगति भएको छ तर अर्थ मन्त्रालयअन्तर्गतको जलवायु परिवर्तन वित्त एकाइ सुधार, जलवायु परिवर्तन सङ्केत दिग्दर्शन सुधार, आवधिक योजनामा जलवायु लागत अनुमान र संरचित माध्यमिक खर्च ढाँचा प्रक्रियामा जलवायु स्रोतका प्राथमिकतालगायत अन्य गतिविधि भने सुस्त छन् ।

'जलवायु परिवर्तन वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण' का सुधार क्षेत्रमा तीनवटा गतिविधि उल्लेख छन् । सङ्घीय स्तरमा जलवायु परिवर्तन खर्च प्रतिवेदन सिर्जना र विकास आंशिक रूपमा सम्पन्न भएको छ । तर, स्थानीय तहमा जलवायु वित्तको प्राथमिकता, व्यवस्थापन र वितरण गर्न प्रदेश/स्थानीय सरकारहरूको सार्वजनिक वित्त व्यवस्थापन प्रणलीमा सुधार, जलवायु परिवर्तन नीति अनुगमन, जलवायु परिवर्तन खर्च प्रतिवेदन निर्माणजस्ता अन्य गतिविधि भने हासिल हुन सकेका छैनन् । 'बजेटमा जलवायु परिवर्तन वित्तको प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता' को सुधारमा तीनवटा गतिविधि (तेस्रो पक्षीय अनुगमन, नागरिक समाज, सामाजिक सङ्घ-संस्थाको सहभागिता र जलवायु परिवर्तन कार्यक्रमको संसदीय अनुगमन) मा योजनाबमोजिम प्रगति हुन सकेको छैन । 'जलवायु परिवर्तन वित्त प्रशासनमा क्षमता सुधार' अन्तर्गतका सुधार क्षेत्रमा जलवायु वित्तमा संलग्न अधिकारीहरूको क्षमता अभिवृद्धि र तालिमसम्बन्धी चार गतिविधि दातृ साझेदारहरूको सहयोगमा आंशिक रूपमा सम्पन्न भएका छन् । प्रत्येक सुधार क्षेत्रका गतिविधिगत प्रगति र अन्तरहरू तालिका ८ मा उल्लेख छ :

**तालिका ८ : NCCFF 2017 मा प्रस्तावित सुधारमा गतिविधिगत प्रगति र अन्तर**

| सुधार क्षेत्र र गतिविधि | प्रगति | अन्तर |
|---|---|---|
| **सुधार क्षेत्र १ : योजना र बजेटचक्रमा जलवायु परिवर्तन एकीकरण** | | |
| गतिविधि १.१ : जलवायु बजेट विनियोजन र क्षेत्र विभाजन तथ्याङ्कसँग खर्च निगरानी र प्रतिवेदन गर्न मौजुदा बजेट व्यवस्थापन सूचना प्रणाली स्तरोन्नति । | आंशिक उपलब्धि | मौजुदा PFMS बाट जलवायु परिवर्तन बजेटको भौतिक प्रगति संरचनात्मक रूपमा निगरानी गर्न सकिएन ।<br>FMIS मार्फत FCGO ले जलवायु परिवर्तन खर्चको प्रतिवेदन सीमित मात्र तयार गरिरहेछ । |
| गतिविधि १.२ : उच्च स्तरीय छलफल र बजेट निर्णयका लागि जलवायु परिवर्तन वित्त समन्वय गर्न अर्थ मन्त्रालयको जलवायु परिवर्तन वित्त एकाइ सुधार । | आंशिक उपलब्धि | जलवायु परिवर्तन वित्त एकाइ अर्थ मन्त्रालयको IECCD अन्तर्गत पर्छ । उच्च स्तरीय बजेट छलफल र विनियोजनमा बजेट महाशाखा र IECCD बीच समन्वय छैन । |
| गतिविधि १.३ : निर्देशिकासहित जलवायु बजेट सङ्केत दिग्दर्शन सुधार । | आंशिक उपलब्धि | कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरण मन्त्रालयका लागि गतिविधिमा आधारित जलवायु सङ्केत दिग्दर्शन विकसित गरिएको थियो तर यी आशातीत रूपमा लागू भएका छैनन् । |

| | | |
|---|---|---|
| गतिविधि १.४ : जलवायु परिवर्तन MTEF प्रक्रियाहरूमा एकीकृत । | उपलब्धि हासिल | उपलब्ध छैन । |
| गतिविधि १.४ : पन्ध्रौं आवधिक योजनामा जलवायु वित्त लागत अनुमान । | उपलब्धि भएन | पन्ध्रौं आवधिक योजनामा छुट्टै जलवायु लागत गणना गरिएन । |
| **सुधार क्षेत्र २ : जलवायु परिवर्तन वित्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण** | | |
| २.१ : जलवायु वित्त अनुगमनका लागि संरचित तरिकामा FFIS मा जलवायु परिवर्तन खर्च प्रतिवेदन विकास गर्ने । | आंशिक उपलब्धि | FCGO ले FMIS मार्फत सीमित रूपमा जलवायु परिवर्तन खर्च प्रतिवेदन तयार गर्दै छ। तथापि अनुकूलन र न्यूनीकरणमा जलवायु खर्चको छुट्टै प्रतिवेदन आवश्यक छैन । |
| २.२ : जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको नीति अनुगमन । | उपलब्धि भएन | जलवायु परिवर्तनसम्बन्धी प्रमुख उपलब्धिहरू आर्थिक सर्वेक्षणमा समावेश गर्न थाले पनि नीतिगत तहमा जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन गर्न पर्याप्त छैन । |
| २.३ : स्थानीय तहमा जलवायु वित्तलाई प्राथमिकता, व्यवस्थापन र वितरण गर्न प्रदेश/स्थानीय सरकारहरूको PFM प्रणालीमा सुधार गर्ने । | उपलब्धि भएन | सङ्घीय सरकारजस्तै प्रदेश सरकारहरूले पनि PLMBIS मार्फत जलवायु बजेट सङ्केत गर्न थाले । तर, स्थानीय तहमा जलवायु बजेट निगरानी गर्ने PFM प्रणाली छैन। सङ्घीय PFM प्रणालीमा जलवायु बजेट र प्रादेशिक सरकारहरूको खर्च प्रतिवेदन पूर्ण रूपमा उल्लेख छैन । |
| **सुधार क्षेत्र ३ : बजेटमा जलवायु परिवर्तन वित्तको प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता** | | |
| ३.१ : छानिएका जलवायु परिवर्तन सम्बद्ध कार्यक्रमहरूको अन्य निकाय/व्यक्तिमार्फत स्वतन्त्र मूल्याङ्कन । | आंशिक उपलब्धि | सन् २०१९ सम्म केही जलवायु परियोजना मात्र तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन गरिएको थियो । त्यसपछि यस्तो मूल्याङ्कन भएको देखिँदैन । |
| ३.२ : जलवायु परिवर्तन बजेट तर्जुमा, कार्यान्वयन र खर्च निगरानीमा नागरिक समाज-संस्थाको सहभागिता । | आंशिक उपलब्धि | केही हदसम्म मात्र स्थानीय सरकारको योजना र बजेट प्रक्रियामा नागरिक समाज-संस्थाको सहभागिता पाइएको छ । |
| ३.३ : सांसदहरू बजेट निरीक्षण प्रक्रियालाई जलवायु वित्तमा प्रश्न उठाउने मुख्य प्रवेश विन्दुका रूपमा प्रयोग गर्छन् । | उपलब्धि भएन | संसदीय समितिमा जलवायु वित्तसम्बन्धी छुट्टै छलफल भएको प्रमाण छैन । |
| **सुधार क्षेत्र ४ : जलवायु परिवर्तन वित्तको शासनमा सुधारिएको क्षमता** | | |
| ४.१ : जलवायु परिवर्तन एकाइका कर्मचारीलाई जलवायु परिवर्तन, जलवायु वित्त | आंशिक उपलब्धि | जलवायु परिवर्तन वित्त एकाइका कर्मचारी लक्षित तालिम थोरै मात्र भए । |

| | | |
|---|---|---|
| समन्वय, खर्च प्रतिवेदन र विश्लेषण, आर्थिक सर्वेक्षणका लागि विवरण तयारीजस्ता विषयमा तालिम दिइन्छ । | | |
| ४.२ : अन्तरमन्त्रालय समन्वय समितिका सदस्यहरूलाई जलवायु वित्त समन्वित योजना बनाउन तालिम दिइन्छ । | आंशिक उपलब्धि | अन्तरमन्त्रालय समन्वय समितिका सदस्य लक्षित तालिम सीमित मात्र भए । |
| ४.३ : विषयगत मन्त्रालयका योजना अधिकृत, जलवायु सम्पर्क व्यक्ति, लैङ्गिक सम्पर्क व्यक्तिहरू जलवायु परिवर्तन एकीकृत गर्न स्क्रिन विकास कार्यक्रमका तालिम लिन्छन् । | आंशिक उपलब्धि | विषयगत मन्त्रालयका लक्षित अधिकृतहरूका लागि यस्ता केही तालिम आयोजना भए । |

# ७. चुनौती र अवसर

## ७.१ चुनौती

जलवायु परिवर्तन वित्तीय ढाँचा सम्बोधन गर्न हालसम्म अनेक हस्तक्षेपका बाबजुद पनि धेरै चुनौती बाँकी छन् :

### नीति तथा कानून

**योजना र बजेटमा NDC र NAP जोड्ने :** सरकारका योजना र बजेट प्रणालीमा राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) र राष्ट्रिय अनुकूलन योजना (NAP) पूर्ण आबद्ध छैनन् । त्यसैले निर्णयकर्ताहरूलाई स्रोत बाँडफाँटको निर्णय गर्नुअघि प्रस्तावित कार्यक्रमहरूको जलवायु सान्दर्भिकता, जोखिम र प्रभावबारे थप जानकारी चाहिन्छ ।

**प्रदेश/स्थानीय तहका योजना :** स्थानीय तहका गतिविधिहरू जलवायु परिवर्तन प्रतिक्रियामा उच्च सान्दर्भिक भए पनि प्रायः स्थानीय सरकारहरू योजना र बजेटमा जलवायु समस्या सम्बोधन गर्न प्राथमिकता दिँदैनन् ।

### प्रणाली

**सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा एकीकरण :** जलवायु वित्त अझै पनि पूर्ण रूपमा सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (PFMS) मा एकीकृत भएको छैन । जलवायु रणनीति र लक्ष्यहरू माध्यमिक खर्च ढाँचासँग जोडिएका छैनन् । जलवायु प्रतिक्रियाका उपायहरूको प्राथमिकीकरण व्यक्तिगत कार्यक्रम/परियोजना स्तरमा गरिन्छ । यसले गर्दा जलवायु प्रतिक्रियाका उपायहरूमा पर्याप्त बल पुगेको छैन ।

**परियोजना स्क्रिनिङ र मापदण्ड :** जलवायु जोखिम र सान्दर्भिकताका लागि परियोजना ट्र्याक र स्क्रिन गर्न राष्ट्रिय योजना आयोगद्वारा जारी निर्देशनका मौजुदा मापदण्ड र विधिहरूले विशिष्टता र सूक्ष्मता समेट्न सक्दैनन् । यी निर्देशनहरू १६ मन्त्रालयमा समान रूपमा लागू भए पनि प्रभावकारी छैनन् ।

**जलवायु बजेट सङ्केत :** जलवायु बजेट सङ्केतको परिभाषाले जलवायु सान्दर्भिक लगानी मूल्याङ्कन गर्न मद्दत गरे पनि विस्तृत गतिविधि स्तरीय बजेट सङ्केतीकरण र खर्च निगरानीका लागि मौजुदा प्रणाली पर्याप्त छैन । क्षेत्रीय योजनाकारहरूद्वारा जलवायु गतिविधिका मापदण्डको व्यापक व्याख्या गरेका कारण जलवायु बजेट अतिरञ्जित हुर्ने जोखिम छ । आर्थिक वर्ष २०१३/०१४ मा परिभाषित मापदण्ड र सङ्केत विधि हालसम्म संशोधन/परिमार्जन गरिएको छैन ।

**जलवायु वित्त एकाइ :** विषयगत मन्त्रालयहरूमा जलवायु परिवर्तन एकाइहरू स्थापना हुन सकेका छैनन् । यसका कारण मन्त्रालय स्तरमा प्रभावकारी जलवायु वित्त व्यवस्थापनमा बाधा पुगेको छ ।

**समन्वय र तथ्याङ्क व्यवस्थापन :** जलवायु वित्तको समन्वय र रणनीतिक व्यवस्थापन गर्न कुनै निश्चित निकाय तोकिएको छैन । हुन त वन तथा वातावरण मन्त्रालय जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरूको नेतृत्व र विकास साझेदारहरूसँग समन्वय गर्न जिम्मेवार निकाय हो । तर, यसले विषयगत मन्त्रालयहरूका तथ्याङ्क सङ्कलन, अनुगमन र विश्लेषणका पक्षमा समन्वय नै नगरी जलवायुसम्बन्धी कार्यक्रम र बजेट कार्यान्वयन गर्छन् । न क्षतिको वित्तीय प्रभाव सङ्केत गर्न सक्ने, न त राष्ट्रिय विकास योजनाहरूमा जलवायु रणनीति नै एकीकृत गर्न सक्ने भएकाले मध्यावधि खर्च ढाँचाले पनि जलवायु परिवर्तनका प्राथमिकता प्रतिबिम्बित गर्दैन ।

**क्षेत्रीय प्रभाव र दिगो विकास लक्ष्य :** जलवायु परिवर्तनले फरक भूगोलका विविध क्षेत्रमा केकस्तो प्रभाव पार्छ अथवा गरिबी, लैङ्गिक र समतामूलक विकास लक्ष्य, दिगो विकास लक्ष्य प्राप्तिको प्रयासमा कसरी प्रभाव पार्छ जस्ता विषयमा वर्तमान प्रणालीले जानकारी दिन सक्दैन ।

**जबाफदेहिता**

**खर्च प्रतिवेदन :** नीतिगत उद्देश्य र लक्षित उपलब्धिबाहेक जलवायु परिवर्तनका परिणाम मापन गर्ने जलवायु खर्च प्रतिवेदनको विशेष प्रणाली छैन ।

**क्षेत्रगत जानकारी :** जलवायु वित्तसम्बन्धी कुनै पनि निर्णय लिँदा क्षेत्रीय जलवायु प्रभाव र गरिबी, लैङ्गिक समतामूलक विकासमा यसको असरबारे विश्वशिला सूचना आवश्यक हुन्छन् ।

**७.२ अवसर**

**नीति र कानून**

**सङ्घीय शासन प्रणाली :** नेपालले सन् २०१७ मा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूसहितको सङ्घीय शासन प्रणाली अपनाएको छ । जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्न यो नयाँ अवसर हो । निर्वाचित प्रदेश/स्थानीय सरकारहरू (NDCs) ले स्थानीय स्तरमा जलवायु परिवर्तन बजेटलाई प्राथमिकता दिई जलवायु अनुकूलनका लागि स्थानीय आम्दानी प्रयोग गर्न सक्छन् ।

**बृहत् वित्तीय ढाँचा :** राष्ट्रिय, अन्तर्राष्ट्रिय र निजी क्षेत्रका परियोजना र प्रवृत्तिबारेका जानकारीसहित जलवायु परिवर्तन वित्तीय ढाँचाको माग र आपूर्तिका विविध पक्षहरूको विस्तृत चित्र विकास गर्नाले निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारहरू आकर्षित नहुने क्षेत्रहरूमा सार्वजनिक वित्त लगानी गरी प्रभाव न्यूनीकरण गर्न सकिन्छ। जलवायु परिवर्तनप्रति सरकारको प्राथमिकता आगामी दिनमा राष्ट्रिय/अन्तर्राष्ट्रिय वित्त आकर्षित गर्न सक्षम हुनेछ ।

**जलवायु कार्यक्रममा स्थानीय कोष :** जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण कार्यक्रम सञ्चालन गर्न स्थानीय कोष विस्तारका सम्भावना खोजिनुपर्छ । उदाहरणका लागि बालुवा र गिट्टी उत्खननजस्ता गतिविधि र जलविद्युत् गृहहरूबाट उठ्ने राजस्वमार्फत स्थानीय स्तरमा जलवायु कार्यक्रमसम्बन्धी कोष खडा गर्न प्रयोग गर्न सकिन्छ ।

**प्रणाली**

**खर्च प्रतिवेदन प्रणाली :** अर्थ मन्त्रालयले समग्र जलवायु खर्चको एकीकृत प्रतिवेदन बनाउन सक्ने खर्च प्रतिवेदन प्रणाली विकास गर्न कदम चालेको छ। बजेटमा जलवायु परिवर्तन एकीकरण गर्न बजेट निर्देशिका र क्यालेन्डर पनि परिमार्जन गरेको छ । संशोधित आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐनअनुसार पूर्वबजेट छलफलमा ध्यान केन्द्रित गर्न बजेट क्यालेन्डर पनि परिवर्तन गरिएको छ । यद्यपि, क्षेत्रगत आवश्यकताहरूमा ध्यान केन्द्रित गरी जलवायु क्षेत्रका विशेष सरोकार सम्बोधन गर्ने मर्मलाई ध्यानमा राखी बजेट तर्जुमा निर्देशिकाहरूमा थप सुधार आवश्यक छ । जलवायु वित्तको प्रभावकारी कार्यान्वयनका लागि थप क्षमता अभिवृद्धि गर्नुपर्छ। यी पछिल्ला विश्लेषणहरूले जलवायु नीति र लक्ष्यअनुसार प्रगति हासिल गर्ने नीतिगत निर्णयहरूमा मद्दत पुग्छ ।

**जलवायु वित्त एकाइ :** विषयगत जलवायु बजेट योजना, अनुगमन र प्रतिवेदन समन्वय गर्न जलवायु परिवर्तन वित्तीय ढाँचाअन्तर्गत प्रस्तावित अन्तरमन्त्रालय समितिलाई सहयोग गर्न अर्थ मन्त्रालयले हरित जलवायु कोष (GCF) अन्तर्गत जलवायु परिवर्तन वित्त एकाइ स्थापना गरिसकेको छ । अन्तरमन्त्रालय जलवायु समिति (IMCC) गठन भए पनि यसको कार्यसम्पादन जलवायु परिवर्तन मुद्दाहरूको विश्लेषणमा

खासै सक्षम देखिँदैन। अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा (IECCD) अन्तर्गत रहेको समितिले जलवायु बजेट विनियोजन र जलवायु खर्च विश्लेषणमा मन्त्रालयको बजेट महाशाखासँग समन्वय गर्न गाह्रो छ।

**जलवायु वित्त अनुमान :** जलवायु परिवर्तन अनुकूलन, प्रभाव न्यूनीकरण र क्षति आँकलनमा जलवायु वित्तको आवश्यकता अनुमानले कुल जलवायु वित्त निर्धारण गर्न मद्दत पुग्छ। जलवायु सङ्केत प्रणालीको स्तर वृद्धिले कोषको वर्तमान स्तर र अनुकूलन एवं न्यूनीकरणका लागि मध्यावधि बजेट अनुमान गर्न सहयोग गर्छ। नोक्सानी सम्बोधनका लागि आवश्यक वित्त अनुमान गर्न क्षतिको आकार थाहा पाउनुपर्छ। यस्तो अनुमानले निजी क्षेत्रसहित अन्तर्राष्ट्रिय र अन्य क्षेत्रबाट हुने वित्तीय सहयोगका अतिरिक्त माध्यमिक खर्च ढाँचामा समावेश गरी सरकारलाई वित्तीय स्रोत निर्धारण गर्न मद्दत गर्छ।

## ८. योजना र बजेटचक्रमा जलवायु वित्त एकीकृत गर्न आवश्यक सुधार

विगतका काम र अहिलेसम्मका उपलब्धिको सिकाइले योजना र बजेट चक्रका सबै चरणमा हुने हस्तक्षेपले जलवायु वित्त व्यवस्थापनमा थप सुधार गर्न सक्ने देखाउँछ। बजेटचक्रको सङ्क्षिप्त विवरण र यसका मुख्य तत्त्वहरू चित्र ४ मा दिइएको छ। यस्ता सुधार विभिन्न स्तरमा योजना र बजेटचक्रका विभिन्न चरणमा गरिनेछ।

### ८.१ पूर्वबजेट चरण

बजेट तर्जुमा प्रक्रियामा जलवायु वित्त एकीकरण गर्न बजेट र योजना निर्देशिका जारी, बजेटको सीमा निर्धारण, सरोकारवालाहरूसँग परामर्शजस्ता गतिविधि आवश्यक हुन्छन्। आवधिक योजना तर्जुमा र वार्षिक बजेट निर्माणमा मध्यावधि खर्च ढाँचाका आधारमा जलवायु परिवर्तन परियोजना, आवश्यक लागत, कोषको मोडालिटी र हस्तक्षेपका ढाँचाहरू समावेश गर्नुपर्छ। राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयद्वारा जारी बजेट तयारी निर्देशिकामा जलवायु परिवर्तनसम्बन्धी मुख्य सन्देश (जलवायु परिवर्तन नीतिको सान्दर्भिकता, प्राथमिकताका मापदण्ड, जलवायु परिवर्तन बजेट सङ्केत आदि) समावेश हुन्छन्।

जलवायु गतिविधिबारे निर्धारित निर्णय गर्न सङ्घीय र प्रदेश/स्थानीय तहहरूबीच दुईतर्फी सूचना प्रवाह सुनिश्चित गरिनुपर्छ। एक पटक जलवायु गतिविधि परिभाषित भएपछि अघिल्लो वर्षको जलवायु खर्च र जलवायु परिवर्तन प्रभाव अनुकूलन वा प्रभाव न्यूनीकरणमा भएका प्रमुख उपलब्धिबारे अर्को वर्षका जलवायु परिवर्तन गतिविधिबारे निर्णय गर्नुअघि योजनाकारहरूलाई जानकारी गराउनु आवश्यक छ। क्षेत्रगत योजनामा लागत-लाभ विश्लेषण र जलवायु जोखिम मूल्याङ्कन उपकरणहरू क्रमशः लागू गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। जलवायु परिवर्तनसम्बन्धी जोखिमबारे ज्ञान अभिवृद्धिका साथै परियोजनाहरू कार्यान्वयनमा आर्जित अनुभवका आधारमा अनुकूलन अन्तर पनि अनुमान गर्नु आवश्यक छ।


आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६ को संशोधनले संसद्मा पूर्वबजेट छलफलका लागि थप समय दिएको छ। सरकारको नीति तथा कार्यक्रम तथा बजेट निर्माणमा संसदीय समितिले स्थानीय तहका सरोकारवालाहरूसँग समूहगत छलफल गरी सुझाव लिन्छ। तर, बजेट तयारी प्रक्रियामा जलवायु परिवर्तन, दोहोरिने मुद्दाहरूमा बेग्लै छलफल गर्ने व्यवस्था भने छैन।

### ८.२ बजेट तयारी चरण

सङ्घीय र प्रादेशिक सरकारहरूले वार्षिक योजना र बजेट तयार गर्न अधोतर नीति निर्देशित (Top down Policy Guidance) र ऊर्ध्वतर योजना प्रक्रिया (Bottom up Planning Process) चित्र ४ मा उल्लेख गरेअनुसार लागू गर्छन्। सङ्घीय स्तरमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले विषयगत मन्त्रालयहरूमा बजेट निर्देशिका र सीमाहरू उपलब्ध गराउँछन् भने प्रदेशमा प्रादेशिक योजना आयोग र आर्थिक मामिला मन्त्रालयले प्रादेशिक विषयगत मन्त्रालयहरूलाई बजेट निर्देशिका र सीमा

पठाउँछन् । सङ्घीय र प्रादेशिक दुवै तहका विषयगत मन्त्रालयहरूले ऊर्ध्वतर योजना प्रक्रियाको दृष्टिकोणबाट बजेट तयार गरी विभागहरूलाई बुझाउँछन् । यस्तो बजेट सङ्घमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय तथा प्रदेशमा प्रादेशिक योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पेस गरिन्छ । अन्ततः सङ्घ र प्रदेशका सम्बन्धित संसद्ले बजेट स्वीकृत गर्छन् । स्थानीय सरकारका बजेट र कार्यक्रम भने आआफ्नो परिषद्बाट स्वीकृत हुन्छन् ।

स्थानीय तहमा योजना तर्जुमा र बजेट निर्माणमा फरक प्रक्रिया अपनाइने हुँदा अद्यावधिक निर्देशिकाहरूले जलवायु परिवर्तनका समस्या एकीकृत गरी स्थानीय तहमा समावेशका लागि प्रभावकारी सञ्चारण गर्नुपर्छ । तसर्थ, जलवायु परिवर्तन वित्तीय ढाँचालाई बजेटचक्रमा एकीकृत गर्न निम्न कार्य आवश्यक छ :




**चित्र ४ : बजेट निर्माण प्रक्रियामा सूचना प्रवाह**

- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई बजेट निर्देशिका र सीमा जारी गर्नुअघि जलवायुसम्बन्धी नीति र रणनीतिहरूद्वारा सम्बोधन गरिएका जलवायु परिवर्तन मुद्दाहरूबारे आवश्यक जानकारी हुनेछ ।
- मध्यावधि खर्च ढाँचाको महत्त्वपूर्ण अंश जलवायु परिवर्तन वित्त व्यक्तिगत परियोजनाको सट्टा प्राथमिकता निर्धारणमा आधारित हुनुपर्छ ।
- लागत-लाभ विश्लेषण र जलवायु जोखिम मूल्याङ्कनका आधारमा आयोजनाहरूलाई प्राथमिकतामा राखेर अति आवश्यक कार्यक्रम र परियोजनाहरूमा वित्तीय विनियोजन गरिनुपर्छ ।

- जलवायु परिवर्तन वित्त एउटै निकायले परिचालन गर्नुको सट्टा सबै क्षेत्रमा बजेट छलफलको विषय बनाउनुपर्छ ।

## ८.३ बजेट अनुगमन र प्रतिवेदन चरण

पूर्व जानकारीका आधारमा जलवायु गतिविधिमा निर्णय लिन सशक्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण संयन्त्र आवश्यक हुन्छ । मौजुदा बजेट अनुगमन प्रणालीले जलवायु लगानीबारे विशेष जानकारी दिँदैन । राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन निर्देशिकामा जलवायु परिवर्तन लक्ष्यसहित दिगो विकास लक्ष्य (SDGs) सम्बन्धी विभिन्न सूचक छन् । तर, प्रादेशिक स्तरमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्न विषयगत मन्त्रालयहरूसँग प्रभावकारी अनुगमन र मूल्याङ्कन सफ्टवेयर छैन । राष्ट्रिय योजना आयोगद्वारा विकसित परियोजना कार्यसम्पादन सूचना प्रणाली (PPIS) पनि अनुगमन र मूल्याङ्कनमा सही ढङ्गले लागू गरिएको छैन । तसर्थ, जलवायु परिवर्तनसँग सम्बन्धित मन्त्रालयहरूले त्रैमासिक र वार्षिक वित्तीय र भौतिक प्रगति अनुगमन गर्न क्षेत्रीय विशिष्टतायुक्त जलवायु परिवर्तनसम्बन्धी कार्यसम्पादनका प्रमुख सूचक (KPIs) तयार गर्नु आवश्यक छ । स्थानीय तहमा जलवायु गतिविधि अनुगमन, प्रतिवेदन र प्रमाणीकरण गर्न बलियो अनुगमन संयन्त्र आवश्यक छ । अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० ले जलवायु परिवर्तन गतिविधिमा सरकारको अनुगमन प्रणालीको प्रभावकारिता बढाउने लक्ष्य रहेको छ ।

## ८.४ लेखा परीक्षण र बजेट मूल्याङ्कन चरण

दीर्घकालीन लगानीको प्रभावकारितामा लेखापरीक्षण र बजेट मूल्याङ्कन महत्त्वपूर्ण हुन्छन् । नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखा परीक्षकको कार्यालयले नियमित रूपमा सङ्घीय र प्रादेशिक स्तरमा लेखापरीक्षणमार्फत छानिएका विकास कार्यक्रम र परियोजनाहरूको कार्यसम्पादन मूल्याङ्कन गर्छ । तर, OAG सँग पनि जलवायु बजेट मूल्याङ्कन वा लेखापरीक्षणका लागि विशेष व्यवस्था छैन । नियमित नभए पनि राष्ट्रिय योजना आयोगले छानिएका जलवायुसम्बन्धी कार्यक्रमहरूमा लगानीको प्रभावकारिता मापन गर्न तेस्रो पक्षीय मूल्याङ्कन गर्छ । जलवायुसम्बन्धी कार्यक्रम र वित्तीय योजनाहरूबीच स्पष्ट सम्बन्ध स्थापना गर्न सके मलेपलाई जलवायु परिवर्तनसँग सम्बन्धित विकास कार्यक्रमहरूको कार्यसम्पादन मूल्याङ्कन गर्न मद्दत मिल्छ ।

त्यसै गरी सङ्घीय स्तरमा राष्ट्रिय योजना आयोग र प्रदेश स्तरमा प्रदेश योजना आयोगले स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्त गरी प्रभावकारी रूपमा कार्यक्रमहरूको तेस्रो पक्षीय मूल्याङ्कन गर्नुपर्छ ।

सार्वजनिक खर्च निगरानी सर्वेक्षण (PETS) र अन्य माध्यममार्फत बजेट प्रवाह अनुगमनमा स्थानीय सङ्घसंस्था र नागरिक समाजलाई संलग्न गर्नाले लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणका पक्षहरू योजनामा समावेश भई पर्याप्त बजेट विनियोजन हुन्छ । साथै, सबैभन्दा जोखिममा रहेको क्षेत्र र जनसङ्ख्यामा बजेट र कार्यक्रम पुग्ने सुनिश्चितता पनि बढ्छ ।

# ९. सरोकारवालाहरूको भूमिका

जलवायु परिवर्तन वित्तीय ढाँचाले तोकिएको समयसीमाभित्र सम्पन्न गर्नुपर्ने सुधारका रूपरेखा प्रस्तुत गरेको छ। यसले मौजुदा जनादेश संस्थागत गरी जिम्मेवार नेतृत्व र सहयोगी निकायहरूको विशेष भूमिका एवं जिम्मेवारी पहिचान गर्छ। जलवायु परिवर्तन वित्तीय ढाँचा कार्यान्वयनमा प्रमुख निकायहरूको विशिष्ट भूमिका निम्नअनुसार दिइएको छ :

## ९.१ राष्ट्रिय योजना आयोग

राष्ट्रिय विकासका योजना र नीतिहरू तर्जुमा, विकास योजना र कार्यक्रमहरूको अनुगमन एवं मूल्याङ्कनका लागि समन्वय गर्ने जिम्मेवार उच्च निकायका रूपमा राष्ट्रिय योजना आयोगले राष्ट्रिय योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। विशेषतः यसले आवधिक योजनाहरूमा विभिन्न क्षेत्रमा जलवायु वित्तसँगै जलवायु परिवर्तन नीति र रणनीतिहरू एकीकरणमा पहल गर्छ।


- विषयगत विशिष्टताका आधारमा गतिविधिको स्तर सङ्केतका लागि विश्वसनीयता बढाउन मौजुदा जलवायु परिवर्तन सङ्केत दिग्दर्शन अद्यावधिक गर्ने।
- समग्र योजना र बजेट निर्देशिका तयार गर्ने, जलवायु परिवर्तन गतिविधि मूल प्रवाहीकरण गर्न विषयगत मन्त्रालयहरूलाई विशेष निर्देशन र प्रादेशिक/स्थानीय सरकारहरूलाई विविध उपाय सुझाउने।
- योजनाहरूमा जलवायु परिवर्तन वित्त एकीकरणलाई प्राथमिकता दिन मध्यावधि खर्च ढाँचामा प्रमुख मुद्दाका रूपमा जलवायु परिवर्तन स्थापित गर्ने।
- जलवायु परिवर्तन खर्चअनुसार जलवायु परिवर्तन गतिविधि निगरानी गर्न परियोजना कार्यसम्पादन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्ने।
- उपलब्धि र परिणाममा आधारित वित्तीय र भौतिक प्रभावकारिताका लागि जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम/परियोजनाहरू मूल्याङ्कन गर्ने।
- क्षेत्रगत दृष्टिकोणमा क्षेत्रगत योजना र कार्यक्रमका लागि जलवायु स्क्रिनिङ निर्देशन जारी गर्ने।
- राष्ट्रिय र प्रादेशिक/स्थानीय स्तरमा क्षति आँकलसहित जलवायु परिवर्तन कार्यक्रमहरूको ऊर्ध्वतर योजना प्रक्रियामा लागत स्पष्ट पार्ने।

## ९.२ अर्थ मन्त्रालय

व्यष्टि र समष्टि आर्थिक स्थिरता कायम गरी सार्वजनिक स्रोतसाधन प्रबन्ध गर्ने जिम्मेवार केन्द्रीय निकायका रूपमा अर्थ मन्त्रालयले बजेट तयारी, विभिन्न क्षेत्रमा जलवायु परिवर्तन वित्त समन्वय गर्न मौजुदा जलवायु परिवर्तन वित्त एकाइको दायरा विस्तार र सुधार गर्नुपर्छ (चित्र ७)।

- जलवायु परिवर्तन बजेट कार्यान्वयनका लागि अन्तरमन्त्रालय समन्वय समिति स्थापना गर्ने।

- हरित जलवायु कोष प्राविधिक समिति र जलवायु परिवर्तन वित्त अन्तरमन्त्रालय समन्वय समितिबीच समन्वय संयन्त्र स्थापना गर्ने ।
- जलवायु वित्त एकीकृत गर्न नीति र बजेट तर्जुमा निर्देशिका नियमित रूपमा अद्यावधिक गर्ने ।
- जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम र परियोजनाका लागि मध्यावधि खर्च ढाँचाका प्रावधानहरूसँग मिल्ने गरी पर्याप्त बजेट विनियोजन सुनिश्चित गर्ने ।
- जलवायु कार्यक्रम र परियोजनाहरू परिभाषित गर्न मौजुदा जलवायु परिवर्तन बजेट सङ्केत दिग्दर्शनको स्तरोन्नति गर्ने, राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयहरूसँग समन्वय गरी जलवायु परिवर्तन अनुकूलन र प्रभाव न्यूनीकरणका लागि कार्यविधि बनाई बजेट शुद्धतामा सुधार गर्ने ।
- जलवायु परिवर्तन खर्च निगरानीका लागि उपयुक्त प्रणाली विकास गरी कार्यान्वयन गर्ने ।
- वार्षिक आर्थिक सर्वेक्षणमा जलवायु खर्च, जलवायु वित्त र कार्यसम्पादनको नियमित विश्लेषण गर्ने ।
- मापन, प्रतिवेदन र प्रमाणीकरण (MRV) मजबुत बनाउने, एकीकृत मञ्च र जलवायु वित्त निगरानीमार्फत बाह्य जलवायु वित्त प्रवाह प्रणाली सुधार गर्ने ।
- जलवायु परिवर्तन प्रभाव र विस्तृत वित्तीय विश्लेषण गरी मध्यावधि खर्च ढाँचामा एकीकृत गर्ने ।
- राष्ट्रिय अनुकूलन योजना (NAP) र हरित जलवायु कोष (GCF) लगायत अन्य पहलमार्फत जलवायु लक्ष्य प्रभावकारी कार्यान्वयनका लागि तयारी प्रणाली र रणनीति विकास गर्ने ।




चित्र ५ :

जलवायु परिवर्तन वित्त एकाइ (CCFU) र अन्तरमन्त्रालय जलवायु समिति (IMCC) बीचको सम्बन्ध

## ९.३ वन तथा वातावरण मन्त्रालय

जलवायुसम्बन्धी नीतिहरूमा समन्वय गर्ने प्रमुख मन्त्रालयका रूपमा वन तथा वातावरण मन्त्रालयले :

- राष्ट्रिय जलवायु नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धता (जलवायु परिवर्तनसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि/पेरिस सम्झौताअन्तर्गतका प्रतिबद्धता आदि) कार्यान्वयनको अवस्था अनुगमन र मूल्याङ्कन गर्ने ।
- क्षेत्रीय नीतिहरूमा जलवायु नीति एकीकृत गर्न सम्बन्धित मन्त्रालयहरूसँग सम्पर्क र समन्वय गर्ने ।
- नीतिगत प्रावधान कार्यान्वय सहज बनाउन जलवायु परिवर्तन नीति र योजना (नीति-बजेट सम्बन्ध र जलवायु प्राथमिकता) को विस्तृत परिदृश्य तयार पार्ने ।
- अद्यावधिक तथ्याङ्क राख्न, क्षति न्यूनीकरण र जोखिम मूल्याङ्कनमा सुधारका प्रयास गर्न समन्वय गर्ने ।

## ९.४ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तहका गतिविधिहरूको समन्वय, सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निम्नअनुसार गर्नेछ :

- प्रदेश र स्थानीय तहमा जलवायु परिवर्तनका योजनाबद्ध गतिविधिमा समन्वय गर्ने ।
- स्थानीय सरकारको जलवायु परिवर्तन बजेट र खर्चको व्यवस्थित निगरानीका लागि सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयन गर्न मन्त्रालय र जलवायुसम्बन्धी निकायहरूसँग समन्वय गर्न संयन्त्र स्थापना गर्ने ।
- वातावरणमैत्री स्थानीय शासन (EFLG) मार्फत स्थानीय तहका योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्न सहयोग प्रदान गर्ने ।
- जिल्ला जलवायुसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत समीक्षा (CPEIRS) को सिफारिसअनुसार स्थानीय सरकारको जलवायु बजेट विनियोजन र खर्चको अनुगमन गर्ने ।
- जलवायु अनुकूलनका लागि स्थानीय स्रोतबाट कोष जुटाउन स्थानीय सरकारहरूलाई सहयोग र मार्गनिर्देश गर्ने ।

## ९.५ विषयगत मन्त्रालयहरू

विषयगत मन्त्रालयहरूले गर्ने काम :

- विषयगत रणनीति र कार्ययोजनाहरूमा जलवायु नीति, लक्ष्य र उद्देश्य समावेश गर्ने ।
- क्षेत्रविशेषका आवश्यकता र सान्दर्भिकतामा आधारित जलवायु स्क्रिनिङ र लागत स्वीकृतिको निर्देशन दिने ।

- जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम/परियोजनाहरूलाई प्राथमिकता दिने, लागत-लाभ, जलवायु जोखिम विश्लेषण र लागत प्रभावी उपायहरू अपनाउने ।
- जलवायु सम्बद्ध अन्य मन्त्रालयहरूलाई अन्तरविषय एकीकृत जलवायु परिवर्तन वित्त मार्गचित्र निर्माण गर्न सहयोग गर्ने ।
- जलवायु गतिविधिमा दातृ निकायहरूबाट प्राप्त स्रोतसाधन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँगको सहकार्यमा मन्त्रालयमा परिचालन गर्ने ।
- राष्ट्रिय अनुकूलन योजना र स्थानीय अनुकूलन कार्ययोजनाले विविध कार्यक्रममा पुऱ्याएको योगदानको अनुगमन गर्न प्रभावकारी प्रणाली स्थापना गर्ने ।
- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई स्वीकृत योजनाअनुसार जलवायु परिवर्तन खर्च र विभागीय खर्चको परिणामसहित तथ्याङ्क उपलब्ध गराउने ।
- स्थानीय तहमा जलवायु खर्चको ८० प्रतिशत सुनिश्चित गर्दै निर्धारित कार्यक्रममा मार्गदर्शन गर्ने ।
- मौजुदा नीति तथा कानूनको मर्म र भावनाअनुसार जलवायु परिवर्तनसम्बन्धी समितिहरू सक्रिय बलाउने ।
- जलवायु परिवर्तन वित्तीय ढाँचाको प्रतिनिधित्व गर्न जलवायु परिवर्तन सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

### ९.६ प्रादेशिक/स्थानीय सरकारहरू

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा उपलब्ध जलवायु कोषको कम्तीमा ८० प्रतिशत स्थानीय तहमा खर्च हुने उल्लेख छ । तर, स्थानीय तहमा जलवायु बजेटको बढ्दो मात्राअनुसार योजना बनाउने र व्यवस्थापन गर्ने क्षमता सामान्यतः कमजोर छ । जलवायु कोषको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय क्षमता सुदृढ गर्न योजना र बजेटमा जलवायु परिवर्तन एकीकरण आवश्यक छ । तसर्थ, प्रादेशिक र स्थानीय सरकारहरूले निम्न काम गर्नेछन् :

- योजना प्रक्रिया र जलवायुविशेष पहलहरू (जस्तै : LAPA, NAP आदि) मा सार्वजनिक परामर्श र अन्तरक्रियामार्फत जोखिममा रहेका समुदाय, सम्पत्ति र क्षेत्रहरू पहिचान गर्ने ।
- सम्बद्ध कार्यालय/निकायहरूसँगको समन्वयमा जोखिम र अन्य मापदण्डका आधारमा नदोहोरिने गरी न्यायोचित तवरले स्रोतसाधन बाँडफाँटमा प्राथमिकता दिने ।
- विकास परियोजनाहरूलाई जलवायुअनुकूल बनाई समयमै कार्यान्वयन गर्न पर्याप्त स्रोतको सुनिश्चिततासहित नियमित योजना प्रक्रियामा जलवायु परिवर्तन एकीकृत गर्ने ।
- सङ्घीय र प्रादेशिक नीति तथा मौजुदा कानूनहरूमा परिकल्पना गरिएका जलवायु परिवर्तनसम्बन्धी समितिहरू सक्रिय बनाउने ।
- सङ्घीय र प्रादेशिक सरकारहरूको सहयोगमा जलवायु बजेटका आधारमा स्थानीय स्तरमा सार्वजनिक वित्त व्यवस्थापन प्रणाली बलियो बनाउने ।

- स्थानीय स्तरमा सञ्चालनमा आएका कार्यक्रमहरूको जबाफदेही अनुगमन गर्न नागरिक समाज, सामाजिक सङ्घ-संस्थालाई संलग्न गराउने ।
- जलवायु कार्यक्रमहरूका लागि स्थानीय स्रोत परिचालनमा जागरूकता ल्याउन सहयोग गर्ने ।
- बजेटको ८० प्रतिशत समुदाय स्तरमा परिचालन गर्ने नीतिगत प्रतिबद्धता पूरा गर्न क्षेत्रगत कार्यक्रम वितरणलाई प्रोत्साहित गर्ने ।

### ९.७ महालेखा परीक्षकको कार्यालय

सङ्घीय, प्रादेशिक र स्थानीय स्तरमा खर्च लेखापरीक्षण गर्ने सर्वोच्च संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालय (OAG) ले बजेटचक्रमा जलवायु परिवर्तन वित्त समावेश गर्न मद्दत गर्नेछ :

- जलवायुसम्बन्धी कार्यक्रम र परियोजनाहरूको KPI मा आधारित कार्यसम्पादन मूल्याङ्कन र प्रतिवेदन विश्लेषण गर्ने ।
- चयन गरिएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमका नतिजामा केन्द्रित भई कानुनी रूपमा कार्यसम्पादन मूल्याङ्कन र लेखापरीक्षण गर्ने ।
- जलवायु परिवर्तन सम्बद्ध मुद्दा र क्षेत्रीय सरोकारमा केन्द्रित भई सङ्घीय, प्रादेशिक र स्थानीय स्तरमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम र परियोजनाहरूको लेखापरीक्षणका लागि विशेष निर्देशिका तयार गर्ने ।

### ९.८ महालेखा नियन्त्रकको कार्यालय

अर्थ मन्त्रालयअन्तर्गत नेपाल सरकारको कोष सञ्चालन गर्ने जिम्मेवार निकाय महालेखा नियन्त्रकको कार्यालय (FCGO) ले जलवायु खर्च निगरानी र प्रतिवेदन तयार गर्दा निम्न बुँदाहरूमा विस्तृत भूमिका निर्वाह गर्छ :

- विषयगत मन्त्रालय र अन्य सरकारी निकायले वार्षिक रूपमा गरेका जलवायु खर्चको प्रतिवेदन तयार गर्ने ।
- विषयगत मन्त्रालय र अन्य सरकारी निकायहरूलाई जलवायु खर्चको प्रतिवेदन तयारीमा मार्गनिर्देश गर्ने ।
- नेपाल सरकारको लेखा तालिका अद्यावधिक गर्न सहयोग गर्ने ।

### ९.९ नेपाल राष्ट्र बैङ्क

ब्याङ्किङ एवं वित्तीय क्षेत्रको नियमनमा क्रियाशील मौद्रिक नीतिको उत्तरदायी शीर्ष निकायका रूपमा नेपाल राष्ट्र बैङ्क (NRB) ले निम्नअनुसार मद्दत गर्नेछ :

- हरित वर्गीकरण तयारीमा भूमिका खेल्ने ।
- जलवायु गतिविधिमा निजी वित्त प्रयोगमार्फत लाभ उठाउन मौद्रिक नीति बनाउने ।
- बैङ्क तथा वित्तीय संस्थाहरूद्वारा हरित जलवायु क्षेत्रमा भएको लगानी नियमन गर्ने ।

### ९.१० जलवायु वित्तसम्बन्धी अन्तरमन्त्रालय समन्वय समिति

अन्तरमन्त्रालय समन्वय समिति (IMCC) लाई जलवायु परिवर्तन वित्तीय ढाँचा कार्यान्वयनका लागि सरोकारवालाबीच समन्वय गर्ने निकायका रूपमा परिकल्पना गरिएको छ। यसको प्रमुख भूमिका निम्नअनुसार हुनेछ (IMCC काम, कर्तव्य र अधिकारको विस्तृत विवरण अनुसूची ३)।

- जलवायु परिवर्तन वित्तीय ढाँचा कार्यान्वयनमा जिम्मेवार विषयगत मन्त्रालय र अन्य सरोकावाला सरकारी निकायहरूबीच समन्वय गर्ने।
- जलवायु परिवर्तन वित्तीय ढाँचा कार्यान्वयनमा सहयोग र निरीक्षण गर्ने।
- जलवायु वित्त मूल प्रवाहीकरणका लागि सार्वजनिक वित्त व्यवस्थापन प्रणाली बलियो बनाउन सरकारलाई सल्लाह दिने।
- जलवायु बजेट र खर्च निगरानीमा विषयगत मन्त्रालय र सरोकावाला सरकारी निकायहरूलाई जानकारी र सल्लाह दिने।

## १०. सुधारको मार्गचित्र

जलवायु परिवर्तन वित्तीय ढाँचा कार्यान्वयन गर्न प्रस्तावित सुधारको सारांश निम्न तालिकामा दिइएको छ । यी सारांशले जलवायु जोखिम र प्रभाव न्यूनीकरण गरी दिगो जलवायु गतिविधिका लागि आवश्यक प्रभावकारी योजना र बजेटमा जलवायु परिवर्तन एकीकृत गर्न आवश्यक सुधार प्रस्ताव गरेको छ :

| **क्रम** | **हस्तक्षेप** | **अवस्था** | **नेतृत्वदायी निकाय** | **सहयोगी निकाय** | **कैफियत** |
|---|---|---|---|---|---|
| **सुधार क्षेत्र १ : योजना र बजेटचक्रमा जलवायु परिवर्तनको एकीकरण** | | | | | |
| १.१ | गतिविधि स्तरमा जलवायु बजेट सङ्केत गर्न मौजुदा जलवायु परिवर्तन बजेट सङ्केत दिग्दर्शन समीक्षा र अद्यावधिक । जलवायु परिवर्तनसम्बन्धी सबै क्षेत्रमा जलवायु परिवर्तन जोखिमको वर्गीकरण र न्यूनीकरण । | कार्यक्रम स्तरमा जलवायु परिवर्तन बजेट सङ्केत | विषयगत मन्त्रालयहरू | MOF/NPC/FCGO | क्षेत्रगत वर्गीकरण अनुसार अद्यावधिक गर्न मार्गदर्शन |
| १.२ | जलवायु परिवर्तन गतिविधिका लागि छुट्टै विषयवस्तु उपलब्ध गराउने सरकारको मौजुदा लेखा तालिका (CoA) अद्यावधिक । | लेखा तालिका २०७४ मा जलवायु परिवर्तन र जलवायु वित्तसँग सम्बन्धित छुट्टै लेखा शीर्षक छैन । | FCGO/MoF | विषयगत मन्त्रालय र NPC | जलवायु PEFA बाट सन्दर्भ लिने |
| १.३ | जलवायु बजेट र खर्च, कार्यसम्पादन निगरानी, प्रतिवेदन गर्न मौजुदा LMBIS को स्तर वृद्धि गर्ने । | जलवायु परिवर्तन र जलवायु वित्तको चालु कार्यसम्पादन अनुगमनका लागि नाम मात्रको प्रयास भएको छ । | MoF/FCGO/NPC | विषयगत मन्त्रालय र SNGs | PPMIS विकास गरी सबै तहका सरकारमा लागू गरिने |
| १.४ | उच्च स्तरीय बजेट छलफल र निर्णयमा जलवायु परिवर्तन वित्त समन्वय गर्न अर्थ मन्त्रालयअन्तर्गतको वित्त एकाइ सुधार गर्ने । | विषयवस्तुसहित छलफल गर्ने अभ्यास छैन भने बजेटमाथिको छलफल प्राथमिकतामा पर्दैन । | MoF/NPC | विषयगत मन्त्रालयहरू | चित्र ५ मा देखाइए अनुसार IMCC र जलवायु वित्त एकाइबीच समन्वय सुनिश्चित गर्ने । |
| १.५ | जलवायु परिवर्तन एकीकरणका लागि आवधिक योजना, माध्यमिक खर्च ढाँचा र वार्षिक योजनाबीच अन्तरसम्बन्ध सुधार्ने । | MTEF र वार्षिक योजनाबीच मेल छैन । | NPC | MoF/ विषयगत मन्त्रालय | |
| १.६ | आवधिक विकास योजनामा जलवायु कार्यक्रम र गतिविधिहरूको अनुमानित लागत समावेश गर्ने । | आवधिक योजनामा गतिविधिगत लागत समावेश छैन । | NPC | MoF/ विषयगत मन्त्रालय | सोह्रौं आवधिक विकास योजनामा जलवायु परिवर्तन गतिविधिको लागत अनुमान समावेश गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७ | जलवायु परिवर्तनका कारण हुने क्षतिको तथ्याङ्क सङ्कलन गर्ने संयन्त्र सुदृढ गरी त्यस्ता परिस्थिति सामनाका लागि आवश्यक बजेट विनियोजन गर्न विषयगत निर्णयकर्ताहरूलाई सङ्कलित तथ्याङ्क उपलब्ध गराउने । | सबै क्षतिको तथ्याङ्क सङ्कलन भएको छैन र विषयगत निर्णयकर्तालाई उपलब्ध गराउने प्रभावकारी व्यवस्था पनि छैन । | गृह मन्त्रालय | NPC/MoF र विषयगत मन्त्रालय | प्रकोप प्रभावित क्षेत्रमा हुने क्षतिको तथ्याङ्क व्यवस्थित रूपमा सङ्कलन गर्ने औजार विकास गर्ने । सङ्कलित तथ्याङ्क मूल्याङ्कन गरी बजेट निर्णय प्रक्रियामा नियमित सुझाव दिन NDRRMA र MoHA लाई तोक्ने । |
| **सुधार क्षेत्र २ : जलवायु परिवर्तन वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण** | | | | | |
| **क्रम** | **हस्तक्षेप** | **अवस्था** | **नेतृत्वदायी निकाय** | **सहयोगी निकायहरू** | **कैफियत** |
| २.१ | जलवायु परिवर्तन वित्त अनुगमन गर्न FMIS मा जलवायु परिवर्तन खर्च प्रतिवेदनहरू संरचित तवरले सिर्जना र विकास गर्ने । | प्रणालीमा जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदन बनाउने प्रावधान छैन । | FoM/FCGO | FoM, विषयगत मन्त्रालय | सङ्घीय स्तरमा मात्र, आंशिक रूपमा पूरा |
| २.२ | जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको नीति अनुगमन | नीति निर्मातालाई उचित निर्णय लिनका लागि अलग अलग कार्यसम्पादन प्रतिवेदन अभाव | NPC, नेतृत्वदायी विषयगत मन्त्रालयहरू | NPC सहित विषयगत मन्त्रालय | TPE र PETS प्रविधिमार्फत NPC र विषयगत मन्त्रालयहरूले परिणाम र प्रभावमा प्रभावकारी नीति अनुगमन सञ्चालन गर्छन् । |
| **सुधार क्षेत्र ३ : बजेटमा जलवायु परिवर्तन वित्तको प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता** | | | | | |
| ३.१ | छनोट गरिएका जलवायुसम्बन्धी कार्यक्रम तेस्रो पक्ष वा स्वतन्त्र व्यक्ति/निकायमार्फत मूल्याङ्कन | पाँच वर्षमा पनि पूरा भएन | NPC | MoF/विषयगत मन्त्रालय/नागरिक समाज-संस्था | पछिल्लो प्रतिवेदन उपलब्ध छैन । |
| ३.२ | जलवायु परिवर्तन बजेट तर्जुमा, कार्यान्वयन र खर्च निगरानीमा नागरिक समाज-संस्थाको सहभागिता | कमजोर, प्रभावकारी छैन | नागरिक समाज-संस्थाहरू | | जलवायु बजेट निर्माण प्रक्रियामा नागरिक समाजका विभिन्न समूहको सहभागिता सुनिश्चित गर्ने । CSOs लाई जलवायु खर्च निगरानीमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्न गराउन सामाजिक उत्तरदायित्व औजार प्रयोग गर्ने । |
| ३.३ | जलवायुसम्बन्धी कार्यक्रम र परियोजनाहरूको कार्यसम्पादन मूल्याङ्कन र लेखापरीक्षणमा ध्यान | OAG ले वातावरण परीक्षणभित्र जलवायु परिवर्तन कार्यक्रमहरू सञ्चालन गर्छ | OAG | NPC/विषयगत मन्त्रालय | जलवायु परिवर्तन लेखापरीक्षण सञ्चालन गर्न जलवायु कार्यक्रमहरूका लागि छुट्टै व्यवस्था आवश्यक छ । |
| ३.४ | सांसदहरूले जलवायु परिवर्तन वित्तमा प्रश्न उठाउन बजेट निरीक्षण प्रक्रियालाई मुख्य प्रवेशविन्दुका रूपमा प्रयोग गर्छन् । | कमजोर | प्रतिनिधि सभा, राष्ट्रिय सभा | विषयगत मन्त्रालय | एउटा हातेपुस्तक मात्र तयार भएको छ । |
| **सुधार क्षेत्र ४ : जलवायु परिवर्तनको शासनमा सुधारिएको क्षमता** | | | | | |
| ४.१ | जलवायु परिवर्तन एकाइका कर्मचारीलाई जलवायु परिवर्तन, जलवायु वित्त समन्वय लगायत खर्चको प्रतिवेदन विश्लेषण र आर्थिक सर्वेक्षणका लागि विवरण तयार गर्ने तालिम दिइन्छ । | | NPC/MoF | विषयगत मन्त्रालय/FCGO/ IMCCC | यथार्थ थाहा भएन |
| ४.२ | जलवायु वित्त समन्वित योजनाका लागि अन्तरमन्त्रालय समन्वय समितिका सदस्यहरूको सिप र क्षमता विकास । | | NPC/MoF | NASC | |
| ४.३ | जलवायु परिवर्तन एकीकरणका लागि विकास कार्यक्रम स्क्रिन गर्न विषयगत मन्त्रालयहरूले योजना अधिकारी, जलवायु सम्पर्क व्यक्ति र लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई तालिम दिने । | राम्ररी तालिम दिइएको छैन । | NPC/MoF | विषयगत मन्त्रालयहरू | |
| **सुधार क्षेत्र ५ : अन्तर्राष्ट्रिय वित्तमा पहुँच बढाउने र जलवायु परिवर्तनमा निजी वित्त उत्प्रेरित गर्ने** | | | | | |
| ५.१ | मान्यता प्राप्त निकायमार्फत अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच बढाउन प्राथमिकतायुक्त जलवायु परियोजना बैङ्क विकास र अद्यावधिक गर्ने । | | MoF | NPC र विषयगत मन्त्रालयहरू | GCF, AF आदिलाई प्राथमिकता |
| ५.२ | नेपालले प्राप्त गरेको अन्तर्राष्ट्रिय जलवायु वित्तमा पारदर्शिता अभिवृद्धि । | | MoF/NPC | NPC | अन्तर्राष्ट्रिय जलवायु वित्तको अलग्गै हिसाब राख्न AMP |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सुधार गर्ने |
| ५.३ | अन्तर्राष्ट्रिय जलवायु वित्त आकर्षित गर्न निजी क्षेत्रसँग सहकार्य र संलग्नता प्रोत्साहन । | | MoF/NPC | विषयगत मन्त्रालयहरू र निजी क्षेत्र | स्वच्छ ऊर्जा र यातायात निजी क्षेत्रसँग सहकार्यका सम्भावित क्षेत्र हुन् । |
| ५.४ | हरित वर्गीकरण लागू गरी हरित वित्त पोषणमा स्वदेशी र अन्तर्राष्ट्रिय निजी लगानी उत्प्रेरित । | | NPC | NRB/BFI/SEBON, बिमा समिति/दातृ निकायहरू | |
| **सुधार क्षेत्र ६ : प्रदेश/स्थानीय तहका सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तन एकीकरण सुदृढ गर्ने** | | | | | |
| ६.१ | जलवायु बजेट र खर्च निगरानी, प्रतिवेदन र कार्यसम्पादन मूल्याङ्कनहरू एकीकरणका लागि सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (PFMS) मा सुधार गर्न स्थानीय सरकार (SNGs) लाई सहजीकरण गर्ने । | | MoF/NPC/MoFAGA | विषयगत मन्त्रालयहरू | |
| ६.२ | जलवायु योजना, नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कनमा सहजीकरण गर्ने । | | MoF/MoFAGA/PPC | SNGs | |
| ६.३ | आवश्यकतामा आधारित योजना र बजेट प्रक्रियामा जलवायु परिवर्तन एकीकरण गर्न नीति, ऐन, रणनीति तर्जुमामा सहजीकरण गर्ने | | MoF/MoFAGA | SNGs | |

## १०.१ : योजना र बजेट प्रणालीमा जलवायु वित्त एकीकरण

**१०.१.१ : जलवायु परिवर्तन बजेट सङ्केत सन्दर्भ पुस्तिका, २०६९ को समीक्षा :** जलवायुसम्बन्धी कार्यक्रम वर्गीकरण विद्यमान जलवायु परिवर्तन बजेट सङ्केत निर्देशिकामा उल्लिखित ११ मापदण्डमा आधारित छ । निर्देशिकाले कार्यक्रमलाई तीन वर्गमा विभाजन गरेको छ– 'अति सान्दर्भिक' (बजेटको ५० प्रतिशतभन्दा बढी जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा छुट्याइएको), 'सान्दर्भिक' (बजेटको २०-५० प्रतिशत) र 'तटस्थ' (२० प्रतिशतभन्दा कम बजेट) । यद्यपि, अहिले गरिएजस्तै सबै क्षेत्र र कार्यक्रममा समान मापदण्ड र बजेट कोष्ठकहरू लागू गर्दा जलवायुसम्बन्धी वास्तविक खर्च सही रूपमा प्रस्तुत हुन सक्दैन ।

उदाहरणका लागि, 'सान्दर्भिक' का रूपमा वर्गीकृत कार्यक्रममा प्रमुखतः गैरजलवायुजन्य गतिविधिहरू समावेश हुन सक्छन्, जसबाट जलवायु सान्दर्भिकताको गलत व्याख्या हुन सक्छ । यसबाहेक, प्रवेश

स्तरमा कर्मचारीहरूबीच हुने फरक बुझाइका कारण जलवायु बजेटको अनुमान अधिक हुन सक्छ। तसर्थ, यी ११ मापदण्डलाई विभिन्न क्षेत्रका विशिष्ट आवश्यकता मिलाउन र तिनमा आवश्यकताअनुरूप छुट्टै बजेट सङ्केत निर्देशिका विकास गर्न आवश्यक छ। २०७६ सालमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा विकसित जलवायु परिवर्तन सङ्केत निर्देशिकाले क्षेत्रविशेष वर्गीकरण र सङ्केत गर्न सघाउँछ। यसर्थ, हरेक गतिविधिलाई कार्यान्वयन योग्य बनाउन सुधार गर्नु आवश्यक छ। यसका लागि विषयगत मन्त्रालयहरूलाई स्पष्ट र परिणाम योग्य जलवायु परिवर्तन बजेट बनाउन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले सघाउनुपर्छ।

**१०.१.२ : जलवायु गतिविधिहरूका लागि छुट्टै हिसाब समावेश गर्न मौजुदा लेखा तालिका अद्यावधिक गर्ने :** IMF मा आधारित मौजुदा लेखा तालिका (CoA), सरकारको वित्त तथ्याङ्क हातेपुस्तिका (GFSM) २०१४ मा आधारित सरकारका कामको वर्गीकरण (COFOG) सँग मिल्दोजुल्दो छ। तर, सरकारी स्तरका सबै काममा प्रयोग भएको लेखा तालिकामा जलवायु परिवर्तन खर्चका लागि विशेष सङ्केत छैन। फलस्वरूप, वित्तीय प्रतिवेदनहरूले जलवायु परिवर्तन बजेट र खर्चको विवरण सही रूपमा दिँदैनन्। त्यसैले जलवायु परिवर्तनसँग सम्बन्धित विशिष्ट लेखा शीर्षक र उपशीर्षकहरू समावेश गरी मौजुदा CoA तत्काल परिमार्जन गर्नुपर्छ। यसले मात्र जलवायु परिवर्तनमा आधारित यथार्थपरक बजेट विनियोजन र खर्च निगरानी सुनिश्चित गर्नेछ।

**१०.१.३ : मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) स्तरोन्नति :** नेपाल सरकारले विभाग र मन्त्रालय स्तरमा बजेट तयारीका लागि सन् २०१४/०१५ देखि वेबमा आधारित LMBIS प्रयोग गर्दै आएको छ। सम्बन्धित मन्त्रालयहरू आआफ्नो बजेटको जलवायुसम्बन्धी उपशीर्षकको बजेट उक्त प्रणालीमा प्रविष्ट गर्छन्। तर, मौजुदा प्रणालीले विषयगत मन्त्रालय, प्रादेशिक/स्थानीय सरकारका जलवायु परिवर्तन बजेट र खर्चको छुट्टै तथ्याङ्क बनाउन सक्दैन। तसर्थ, सान्दर्भिक घटकहरू (अनुकूलन, न्यूनीकरण, क्षति आदि) द्वारा वर्गीकृत विस्तृत बजेट तर्जुमा र खर्च प्रतिवेदनका लागि LMBIS लाई सुधार गर्नु आवश्यक छ। अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले यस सुधार कार्यको नेतृत्व गर्नुपर्छ र विषयगत मन्त्रालयहरूले प्रक्रिया सहज बनाउनुपर्छ। यस्तो समन्वयात्मक सम्बन्धले समय सान्दर्भिक जानकारी उपलब्ध भई प्रणाली अद्यावधिक गर्न सहयोग मिल्नेछ।

**१०.१.४ : अर्थ मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन वित्त एकाइ सुधार :** हाल तोकिएको कुनै पनि निकायले जलवायु परिवर्तन नीतिमा समन्वय गरेको देखिँदैन र उच्चस्तरीय योजना छलफल र बजेट निर्णयहरूमा खासै जानकारी हुँदैन। तर, बजेटमा हरेक विकास कार्यक्रम र आयोजनाहरूको समन्वयमा जलवायु सवाल एकीकृत गर्नु आवश्यक छ। MoF ले उच्च स्तरका योजना र बजेट छलफल लगायत जलवायु वित्तसम्बन्धी सबै सवाल समन्वय गर्न अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा (IECCD) अन्तर्गत जलवायु परिवर्तन वित्त एकाइ (CCFU) को पुनर्संरचना गर्नुपर्छ। हुन त एकाइमा IECCD र बजेट तथा कार्यक्रम विभाग (BPD) का जलवायु परिवर्तनसम्बन्धी बजेट सवालहरू समन्वय गर्ने अधिकृत छन्। CCFU ले आर्थिक सर्वेक्षणका लागि आर्थिक नीति विश्लेषण महाशाखालाई पनि सहयोग गर्नुपर्छ। यसबाहेक, अर्थ मन्त्रालयले योजना र बजेट निर्माणमा जलवायुसम्बन्धी मन्त्रालयहरूबीच सम्बन्ध सुदृढ गर्न अन्तरमन्त्रालय समन्वय समिति (IMCC) पनि स्थापना गरेको छ। सम्बन्धित मन्त्रालयका जलवायु सम्पर्क व्यक्तिहरूले प्रतिनिधित्व गर्ने IMCC मा BPD का प्रमुखको नेतृत्व रहन्छ, जसलाई जलवायु परिवर्तन वित्त एकाइले सहयोग गर्छ।

**१०.१.५ : जलवायु परिवर्तनमा समग्रताको दृष्टिकोणसाथ माध्यमिक खर्च ढाँचा (MTEF) प्रक्रियाको स्तरोन्नति :** कार्यक्रमहरूलाई प्राथमिकता दिई व्यवस्थित रूपमा स्रोत बाँडफाँट गर्न MTEF प्रक्रिया स्तर वृद्धिका साथै अद्यावधिक गर्नु आवश्यक छ। MTEF ले छनोटमा परेका मात्र परियोजनाहरूमा ध्यान केन्द्रित गर्नुको सट्टा ढाँचाभित्र जलवायु परिवर्तन प्राथमिकताका लागि विशेष जानकारी उपलब्ध गराउनुपर्छ। यसले हानि वा क्षतिलाई पनि प्राथमिकता दिनुपर्छ। राष्ट्रिय योजना आयोगको आर्थिक व्यवस्थापन महाशाखाले MTEF प्रक्रियामा जलवायु परिवर्तन एकीकृत गर्न कदम चालेको छ। यस एकीकरणमार्फत राष्ट्रिय योजना आयोगले आफ्ना कार्यक्रममा विषयगत मन्त्रालयहरूलाई MTEF सीमासहित जलवायु बजेट सीमा पठाउनेछ। यस प्रक्रियाले समग्र बजेट निर्माण प्रक्रियामा जलवायु परिवर्तन एकीकरण गर्न, जलवायु वित्तलाई अपेक्षित नतिजाहरूसँग जोड्न र कार्यसम्पादनमा आधारित बजेट सिद्धान्तमार्फत निर्णय गर्ने क्षमता अभिवृद्धि गर्न सहज बनाउनेछ।

**१०.१.६ : सोह्रौं आवधिक योजनामा जलवायु परिवर्तन बजेट अनुमान :** तेह्रौं आवधिक योजना (२०१४-२०१६) ले जलवायु परिवर्तनलाई महत्त्वपूर्ण विकास मुद्दाका रूपमा उल्लेख गरेको छ। साथै, मुद्दा, चुनौती, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित परिणामहरू पहिचान गरी पन्ध्रौं योजनाले जलवायु परिवर्तनका लागि छुट्टै अध्याय प्रदान गरेको छ। यद्यपि, योजनामा CCFF-2017 ले सिफारिस गरेको जलवायु परिवर्तन बजेटको अनुमान छैन। जलवायुसम्बन्धी कार्यक्रम/परियोजनाहरूका लागि आवश्यक रकम व्यवस्था गर्न बजेट अनुमान चाहिन्छ। सोह्रौं आवधिक योजनामा राष्ट्रिय योजना आयोगले आवश्यक कुल लगानी अनुमान समावेश गर्नेछ।

**१०.१.७ : जलवायु परिवर्तनका कारण हुने क्षतिको तथ्याङ्क सङ्कलन संयन्त्र सबलीकरण :** नेपालमा जलवायुजन्य प्रकोप बढ्दै गएका छन् भने त्यससँग सम्बन्धित हानि र क्षति पनि बढ्दै गएको छ। गृह मन्त्रालयमातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले क्षतिको तथ्याङ्क विपद् पोर्टलमार्फत प्रकाशित गर्छ। पोर्टललाई आर्थिक र गैरआर्थिक क्षतिको तथ्याङ्क समावेश गर्न सक्ने बनाउन संशोधन र अद्यावधिक गर्नुपर्छ। वन तथा वातावरण मन्त्रालय र प्रदेश/स्थानीय सरकारहरूको सहयोगमा गृह मन्त्रालयले यस पहलको नेतृत्व गर्नुपर्छ।

## १०.२ : जलवायु वित्त अनुगमन, प्रतिवेदन र प्रमाणीकरण

**१०.२.१ : वित्तीय व्यवस्थापन सूचना प्रणालीलाई आवश्यकताअनुसार जलवायु परिवर्तन खर्च प्रतिवेदन गर्ने गरी अद्यावधिक गर्ने :** सरकारी वित्तीय व्यवस्थापन सूचना प्रणाली (GFMIS) लाई संरचनागत रूपमा जलवायु परिवर्तन खर्च निगरानी र प्रतिवेदन गर्ने गरी सुधार गर्नुपर्छ। यस सुधारले महालेखा नियन्त्रकको कार्यालयलाई विनियोजित जलवायु खर्चबारे जानकारी हुन्छ। अर्थ मन्त्रालयले आर्थिक सर्वेक्षण प्रतिवेदन र बजेटसम्बन्धी अन्य अभिलेखहरूमा जलवायु खर्चको छुट्टै विवरण समावेश गर्न थालेको छ। यसलाई अझ सशक्त र नतिजामुखी बनाउँदै निरन्तरता दिनुपर्छ।

**१०.२.२ : वन तथा वातावरण मन्त्रालय (MOFE) ले अन्य मन्त्रालयहरूसँग सम्बन्धित जलवायु परिवर्तन नीति अनुगमन गर्ने :** जलवायु परिवर्तनसम्बन्धी अधिकांश कार्यक्रम विषयगत मन्त्रालयहरूले नियमित विकास कार्यक्रमहरूमार्फत कार्यान्वयन गर्छन्। यी मन्त्रालयले जलवायु परिवर्तन नीतिअनुसार जलवायुसम्बन्धी कार्यक्रम/परियोजना सञ्चालन गरिरहेका छन् कि छैनन् भनी मूल्याङ्कन गर्न नीतिगत अनुगमन आवश्यक छ। MOFE ले आर्थिक सर्वेक्षणमा जलवायु लगानीको विस्तृत विश्लेषण गरी अर्थ

मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई आवश्यक सूचना उपलब्ध गराउन विषयगत मन्त्रालयहरूद्वारा लागू गरिएका जलवायु परिवर्तन सान्दर्भिक कार्यक्रमहरूको प्रगति अनुगमन गर्नेछ ।

### १०.३ : जलवायु बजेटमा जलवायु वित्त प्रभावकारिता र दक्षताका लागि जबाफदेहिता सुधार

**१०.३.१ : लक्षित जलवायु परिवर्तन कार्यक्रम/परियोजनाहरूको तेस्रो पक्षीय स्वतन्त्र मूल्याङ्कन :** नीति निर्माताहरूलाई भविष्यका कार्यक्रम/परियोजना सुधार गर्न कार्यान्वित कार्यक्रमका नतिजाहरूको आलोचनात्मक विश्लेषण आवश्यक हुन्छ । जलवायु परिवर्तन कार्यक्रमहरूका लागि वर्तमानको मूल्याङ्कन संयन्त्र कमजोर छ । राष्ट्रिय योजना आयोगले चयन गरिएका कार्यक्रम/परियोजनाहरूको स्वतन्त्र वा तेस्रो पक्षीय मूल्याङ्कन वार्षिक रूपमा सञ्चालन गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ । फरक नतिजा र प्रभावहरूबारे प्रतिक्रिया प्राप्त गर्न त्यस्ता मूल्याङ्कनहरूको निरन्तरता आवश्यक छ ।

**१०.३.२ : जलवायु परिवर्तन बजेट तर्जुमा, कार्यान्वयन र खर्च निगरानीमा नागरिक समाज-संस्थाको संलग्नता :** नागरिक समाज र सामाजिक सङ्घ-संस्थाले जलवायु वित्तको प्रभावकारी प्रयोगमा महत्त्वपूर्ण भूमिका खेल्छन् । जोखिममा परेका समुदायहरूको जलवायु आवश्यकता र चासो व्यक्त गर्ने मुख्य माध्यम हुन् नागरिक समाजका संस्था । नागरिक समाजले समुदायहरूलाई सहयोग र बजेट निर्माण प्रक्रियामा उनीहरूका आवश्यकता सम्बोधनका लागि वकालत गर्न सक्छन् । यो प्रक्रिया स्थानीय तहमा अपेक्षाकृत सजिलो छ । व्यवस्थापिका र कार्यपालिकाबीच सूचना आदानप्रदान गर्न पर्याप्त अवसर र संरचना स्थापित भए प्रदेश र सङ्घीय तहमा पनि नागरिक समाज-संस्थाको भूमिका गहन हुनेछ । सार्वजनिक खर्च निगरानी सर्वेक्षण, सार्वजनिक सुनुवाइ र सामाजिक लेखाजोखाजस्ता सामाजिक उत्तरदायित्वका माध्यमहरू प्रयोग गरी जलवायु खर्च निगरानी एवं जलवायु परियोजनाहरू कार्यान्वयनमा नागरिक समाजका संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । सरकार र विकास साझेदारहरूसँगको सहकार्यमा हुने अनुसन्धान र विश्लेषणले जलवायु वित्तमा पहुँच र यसको प्रभावकारी उपयोग सुधार गर्न मद्दत गर्छन् ।

**१०.३.३ : जलवायुसम्बन्धी कार्यक्रम र परियोजनाहरूका लागि कार्यसम्पादन परीक्षणमा ध्यान :** केन्द्रदेखि स्थानीय तहसम्म सरकारी अनुदानमा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने जिम्मेवारी OAG को हो । यद्यपि यसले वातावरणीय लेखा परीक्षणमार्फत जलवायु परिवर्तनसम्बन्धी छानिएका केही कार्यक्रमको कार्यसम्पादन परीक्षण गर्छ । यसमार्फत जलवायु परिवर्तन परियोजनाहरूका लागि नीतिदेखि परिचालन स्तरहरूमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

**१०.३.४ : जलवायु परिवर्तन वित्तमा संसदीय समितिहरूको निरीक्षण अभिवृद्धि :** प्रतिनिधित्व, कानून निर्माण, बजेट निर्माण र निरीक्षणमा सांसदहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सम्बन्धित संसदीय समितिहरूद्वारा गरिएको प्रभावकारी अनुगमनले स्थानीय स्तरमा ८० प्रतिशत बजेट खर्च गर्ने सरकारको प्रतिबद्धता पूरा गराउन मद्दत मिल्छ । उनीहरू जलवायु परिवर्तन चुनौतीहरूको तुलनामा बजेटमा छुट्याइएको रकम पर्याप्त र न्यायसङ्गत छ कि छैन भनेर जाँच गर्न र सुझाव दिन सक्छन् । जलवायु बजेट समीक्षा औजार (CBRT) जस्ता टुलकिटहरू लेखा समिति र सुशासन समितिका लागि निरीक्षणका क्रममा उपयोगी हुन सक्छन् ।

### १०.४ जलवायु परिवर्तन वित्त शासनमा सुधारिएको क्षमता

**१०.४.१ : उचित समन्वयका लागि जलवायु वित्त एकाइको क्षमता अभिवृद्धि :** अर्थ मन्त्रालयको जलवायु परिवर्तन वित्त एकाइका सदस्यहरू आन्तरिक र बाह्य क्षेत्रबाट सार्वजनिक र निजी जलवायु वित्तीय स्रोत व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । यसबाट पहुँच, परिचालन र अनुगमन लगायत जलवायु वित्तका सबै पक्षसँग सम्पर्क, समन्वय हुन्छ । उनीहरूसँग अर्थ मन्त्रालयलाई जलवायुसम्बन्धी निर्णय गर्न समयमै जानकारी उपलब्ध गराउने क्षमता हुनुपर्छ । जलवायु वित्तपोषणका जटिलता र सूक्ष्मता बुझी जलवायु वित्तको शासनमा निरन्तर सुधारका लागि सक्षम बनाउन उनीहरूलाई प्रशिक्षण आवश्यक छ ।

**१०.४.२ : अन्तरमन्त्रालय समन्वय समिति (IMCC) को क्षमता विकास :** IMCC ले मन्त्रालयहरूबीच जलवायु वित्त समन्वय गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यसले सामूहिक सोच स्थापित गर्छ, भूमिका स्पष्ट गरी अन्तर पहिचान गर्छ र क्षेत्रगत लगानीको निगरानी एवं प्रभावकारिता मूल्याङ्कन गर्न मन्त्रालयहरूलाई सल्लाह दिन्छ । IMCC का सदस्यहरूलाई जलवायु बजेट अनुगमन गर्न, वित्तीय आवश्यकता अनुमान गर्न र जलवायु वित्तका स्रोत पहिचान गर्ने क्षमता विकास गर्न तालिम दिइनेछ ।

**१०.४.३ : विषयगत मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्ति र योजना अधिकारीहरूका लागि प्रशिक्षण र अभिमुखीकरण :** केही मन्त्रालयले पहिले नै जलवायु र लैङ्गिक सम्पर्क व्यक्तिहरू तोकेका छन्, जसले लैङ्गिक उत्तरदायित्वका लागि प्रस्तावित विकास कार्यक्रमहरू स्क्रिनिङ गर्न सहयोग गर्छन् । यद्यपि जलवायु सम्पर्क व्यक्तिहरू जलवायुसम्बन्धी कार्यक्रम निगरानीमा संलग्न देखिँदैनन् । समाजमा कमजोर समुदायहरूलाई सहयोग गर्न जलवायु बजेटको प्रभावकारिता लैङ्गिक दृष्टिकोणबाट मूल्याङ्कन गर्न जलवायु बजेटसँग लैङ्गिक सम्बन्ध जोड्नु आवश्यक छ । तर, दुवै सङ्केत १० वर्षअघि नै ल्याइएको जानकारी हुँदाहुँदै पनि मन्त्रालयहरूले यसतर्फ कुनै पहल गरेका छैनन् । तसर्थ, योजना अधिकारी र जलवायु एवं लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई जलवायु बजेट सङ्केत प्रयोग गरी जलवायु र लैङ्गिक बजेट जोड्ने सन्दर्भमा कमजोर समूहहरूमा लगानीको प्रभाव मूल्याङ्कन गर्न अभिमुखीकरण तालिम चाहिन्छ । अर्थ मन्त्रालयले विषयगत मन्त्रालयसँगको सहकार्यमा आवधिक तालिम दिनुपर्छ ।

### १०.५ अन्तर्राष्ट्रिय वित्तमा पहुँच वृद्धि र जलवायु परिवर्तनमा निजी वित्त उत्प्रेरण

**१०.५.१ : जलवायु कोषमा मान्यता प्राप्त संस्थाहरूमार्फत अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच बढाउन प्राथमिकतायुक्त जलवायु परियोजना बैङ्क विकास :** UNFCCC र पेरिस सम्झौताजस्ता अन्तर्राष्ट्रिय सम्झौताहरूले विकासोन्मुख देशमा जलवायु गतिविधिका लागि आर्थिक सहयोगसहित व्यापक लक्ष्य र प्रतिबद्धताबारे स्पष्टता र निश्चितता प्रदान गर्छन् । धेरै द्विपक्षीय र बहुपक्षीय वित्तीय निकायहरूले जलवायु परिवर्तनलाई प्रमुख लगानीका रूपमा प्राथमिकता दिएकाले अन्तर्राष्ट्रिय जलवायु वित्त विश्वव्यापी रूपमा बढ्दै गएको छ । विकासोन्मुख देशहरूका लागि जलवायु वित्त परिचालन गर्न धेरै जलवायु कोषहरू स्थापना भएका छन् । यद्यपि, तथ्याङ्कहरूले कुल जलवायु खर्चमा अन्तर्राष्ट्रिय जलवायु वित्तको अनुपात पछिल्लो दशकको तुलनामा हालका वर्षहरूमा घटेको देखाउँछन् । नेपालले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम र परियोजना बैङ्क स्थापना गरी अन्तर्राष्ट्रिय जलवायु कोषमा पहुँच बढाउनु आवश्यक छ ।

**१०.५.२ : नेपालले प्राप्त गरेको अन्तर्राष्ट्रिय जलवायु वित्तमा पारदर्शिता अभिवृद्धि :** जलवायु परिवर्तनका लागि आन्तरिक वित्तमा पहुँच बढाउन पारदर्शिता र जबाफदेहिता महत्त्वपूर्ण छ। विकास साझेदारहरूलाई विश्वासमा लिन अन्तर्राष्ट्रिय जलवायु वित्तको खर्च अभिलेख वास्तविक र व्यवस्थित रूपमा राख्नु आवश्यक छ। यस प्रयासमा अर्थ मन्त्रालयको वैदेशिक सहायता सहयोग महाशाखाले मुख्य भूमिका निर्वाह गर्न सक्छ।

**१०.५.३ : जलवायु परिवर्तनसम्बन्धी आयोजनाहरूमा लगानीका लागि कर छुट, अनुदान, सहुलियत ऋण उपलब्ध गराएर निजी क्षेत्रलाई प्रोत्साहन :** जलवायु परिवर्तन अनुकूलन र प्रभाव न्यूनीकरणमा निजी क्षेत्रको लगानीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। तसर्थ, उत्थानशील पूर्वाधार, स्वच्छ ऊर्जा र दिगो विकासका लागि निजी क्षेत्रको लगानी सदुपयोग गर्न सार्वजनिक-निजी साझेदारी र मिश्रित वित्तको माध्यमबाट निजी क्षेत्रसँग काम गर्नु आवश्यक छ। नेपाल सरकारले आर्थिक वर्ष २०२४/०२५ देखि पेट्रोलियम पदार्थ र कोइलामा 'हरियो कर' नामक नयाँ कर लागू गरेको छ। यी वित्तीय उपायहरूले सरकारलाई जलवायु प्रतिबद्धता पूरा गर्न राजस्व वृद्धिमा मद्दत गर्नेछ। बहुसरोकारवाला मञ्च, सल्लाहकार परिषद् र कार्य समूह गठन गर्नाले ज्ञान आदानप्रदान, नीति संवाद र संयुक्त पहलहरूलाई जलवायु अनुकूलन दिगोपनमा निजी क्षेत्रको लगानी उत्प्रेरित गर्न, आन्तरिक र अन्तर्राष्ट्रिय जलवायु वित्त आकर्षित गर्न मद्दत गर्न सक्छ।

**१०.५.४ : हरित वर्गीकरण लागू गरी वित्तपोषणमा स्वदेशी र अन्तर्राष्ट्रिय निजी लगानी उत्प्रेरित गर्ने :** नेपालसहित विश्वभर जलवायु परिवर्तनमा निजी वित्त बढ्दै गएको छ। केन्द्रीय बैङ्क मौद्रिक नीति २०२२/०२३ को पालना गर्दै हरित वर्गीकरणको मस्यौदामा काम गरिरहेको छ। यसले हरियाली वा वातावरणीय संरक्षणमा दिगो परिभाषा कायम गर्न योग्य गतिविधिहरू वर्गीकृत गर्छ। वर्गीकरणले बैङ्क तथा वित्तीय संस्थाहरूलाई हरित आविष्कार, प्रवर्द्धन र समग्रमा हरित वित्तीय प्रणालीलाई वित्तपोषण गर्न निर्देशन र प्रोत्साहन प्रदान गर्ने लक्ष्य राखेको छ। यसले हरित गतिविधिहरू पहिचान गर्न, निगरानी र प्रदर्शन बढाउन र हरियो, उत्थानशील र समावेशी समाजतर्फ स्रोत परिचालन गर्न पनि मद्दत गर्न सक्छ। निजी क्षेत्रलाई लक्षित गर्ने पहलहरूले जलवायु परिवर्तनमा निजी क्षेत्रको लगानी सहज बनाउन सक्छ।

कार्बन क्रेडिट, ग्रिन बन्डजस्ता नवीन वित्तीय विकल्पहरूमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय निजी लगानी परिचालन गर्नु आवश्यक छ। यी क्रेडिट र बन्डहरूबाट सङ्कलित रकममार्फत जलवायु गतिविधि कार्यान्वयन गर्न सार्वजनिक वित्तको सहयोगले आन्तरिक पुँजी पुनरुत्पादनमा सहयोग पुग्छ।

## १०.६ प्रादेशिक/स्थानीय सरकारहरूमा सुधार

**१०.६.१ : जलवायु बजेट र खर्च निगरानी, प्रतिवेदन एवं कार्यसम्पादन मूल्याङ्कन एकीकृत गर्न सार्वजनिक वित्तीय प्रणालीमा सुधार र सहजीकरण :** जलवायु परिवर्तन नीतिबमोजिम विनियोजित बजेटको कम्तीमा ८० प्रतिशत स्थानीय तहमा जलवायु परिवर्तन आयोजना सञ्चालनका लागि खर्च गर्न सरकार प्रतिबद्ध छ। संविधानले स्थानीय सरकारलाई सेवा प्रवाहको जिम्मेवारी दिएकाले सो क्षेत्रमा उल्लेख्य बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। जलवायु परिवर्तन अनुकूलन र क्षति न्यूनीकरणका समस्याहरू सम्बोधन गर्न बजेट र खर्च व्यवस्थापनमा समन्वय, पारदर्शिता र जबाफदेहिता अभिवृद्धि गर्न प्रदेश/स्थानीय तहमा जलवायु परिवर्तनको प्रभावकारी एकीकरण सुनिश्चित गर्न धेरै सुधार आवश्यक

छन् । तथापि, मौजुदा सार्वजनिक वित्त व्यवस्थापन प्रणाली स्थानीय स्तरमा प्रभावकारी रूपमा जलवायु वित्तलाई प्राथमिकता दिन, व्यवस्थापन गर्न र वितरण गर्न सक्षम देखिँदैनन् । यसबाट व्यवस्थित खर्च निगरानी र जलवायु परिवर्तन प्रतिवेदन बनाउन सहज छैन । तसर्थ, MoFAGA ले स्थानीय स्तरमा सार्वजनिक वित्त व्यवस्थापन (लेखा तालिकासहित) सुधार गर्न प्रदेश/स्थानीय सरकारहरूलाई प्राथमिकता, व्यवस्थापन र प्रभावकारी रूपमा जलवायु वित्त परिचालन गर्न सक्षम बनाउन नेतृत्व लिनुपर्छ ।

**१०.६.२ : जलवायु योजना, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कनमा सहजीकरण** : जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम र गतिविधिहरूको स्वामित्व, कार्यान्वयन र मूल्याङ्कनका लागि सबै सरोकारवाला (नागरिक समाज, सामाजिक सङ्घ-संस्था, आदिवासी, जनजाति र अन्य सम्बन्धित पक्षहरू) को अर्थपूर्ण संलग्नता बढाउनु आवश्यक छ । यसले जलवायु उत्थानशील योजना, बजेट, कार्यान्वयन र मूल्याङ्कनका लागि सहभागितामूलक दृष्टिकोण प्रवर्द्धनले स्थानीय प्राथमिकता, ज्ञान र आवश्यकताहरू सामूहिक निर्णयमा प्रतिबिम्बित हुने सुनिश्चित गर्छ ।

**१०.६.३ : जलवायु परिवर्तन एकीकृत गर्न आवश्यकतामा आधारित नीति, कार्यक्रम र रणनीति निर्माणमा सहजीकरण** : जलवायु परिवर्तनलाई SNGs स्तरका विकास योजना प्रक्रिया, नीति र कार्यक्रमहरूमा तत्काल एकीकृत गर्न आवश्यक छ । यसले जलवायु अनुकूलन र प्रभाव न्यूनीकरण र क्षति व्यवस्थापनलाई कृषि, जलस्रोत, भौतिक पूर्वाधार र विपद् जोखिम न्यूनीकरणजस्ता क्षेत्रमा मूल प्रवाहीकरणको क्षमता हासिल गर्न सकिन्छ । प्रत्येक SNG ले आफ्नो क्षेत्रभित्र जलवायु परिवर्तन एकीकृत गर्न आवश्यकतामा आधारित नीति, कार्य र रणनीति बनाउनु आवश्यक छ ।

## ११. निष्कर्ष

नेपाल सरकार जलवायु परिवर्तनलाई सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (PFMS) मा एकीकृत गर्न प्रतिबद्ध छ । यसबाट जलवायु बजेट र खर्चको उचित विनियोजन, उपयोग, निगरानी र अनुगमनमा सहयोग पुग्छ । यसले सार्वजनिक लगानीको प्रभावकारिता र दिगोपन वृद्धि गरी कानून निर्माता र अन्य सरोकारवालालाई संलग्न गरेर जबाफदेहिता बढाउनेछ ।

राष्ट्रिय जलवायु परिवर्तन वित्तीय ढाँचा, २०१७ ले बजेटमा जलवायु एकीकरणलाई सहज बनायो र तोकिएबमोजिमका केही सुधार कार्यान्वयन गरियो । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन एकीकरण गर्न नीति तर्जुमा गरी सुधार गरियो र जलवायु बजेट र खर्च निगरानी प्रतिवेदनहरू तयार गरियो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (PFMS) द्वारा गरिएको जलवायु परिवर्तन बजेट एकीकरण सूचकाङ्क+ (CCBII+) मूल्याङ्कनले नेपालले सङ्घीय स्तरमा नीति तथा प्रणालीका आयामहरूमा सन्तोषजनक प्रगति गरेको देखाउँछ तर जबाफदेहिताको आयाममा भने पछि परेको छ । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीहरूमा जलवायु परिवर्तन एकीकरणबाट प्राप्त सिकाइमा आधारित प्रणालीहरू सुधार गर्न अझै केही बाधा देखिन्छन् ।

यस संशोधित ढाँचाले ६ वटा सुधार क्षेत्रमा २३ वटा सुधारात्मक हस्तक्षेप प्रस्ताव गरेको छ । सुधारका क्षेत्र र हस्तक्षेपहरू सङ्क्षेपमा निम्नअनुसार छन् :

**योजना र बजेट प्रणालीमा जलवायु वित्त एकीकृत गर्ने :** यसमा सुधारका ७ वटा हस्तक्षेप समावेश छन्– मौजुदा जलवायु परिवर्तन बजेट सङ्केत निदेशिकाहरू, लेखा तालिका र विषयगत मन्त्रालयगत बजेट सूचना प्रणाली अद्यावधिक गर्ने आदि । सुधारका अन्य हस्तक्षेपहरूमा अर्थ मन्त्रालयमा जलवायु वित्त एकाइको दायरा विस्तार गर्ने, जलवायु वित्त एकीकरणका आवधिक योजनाहरू, मध्यावधि खर्च ढाँचा र वार्षिक योजना एवं बजेटहरूमा अन्तरसम्बन्ध र लागत अनुमान सुधार गर्ने ।

**जलवायु परिवर्तन वित्तको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण :** यसमा सुधार दुई हस्तक्षेप पुनः सिफारिस गरिएका छन्– जलवायु परिवर्तन खर्च प्रतिवेदन र जलवायु परिवर्तन नीति र कार्यक्रमको नीति अनुगमन ।

**बजेटमा जलवायु परिवर्तन वित्तीय प्रभावकारिता र दक्षताका लागि सुधारिएको जबाफदेहिता :** सुधारको यस क्षेत्रले जलवायु परिवर्तन बजेट तर्जुमा, कार्यान्वयन र खर्च निगरानीमा सांसद र नागरिक समाज, सामाजिक सङ्घ-संस्थाहरूको संलग्नतामा जोड दिन्छ । साथै, तेस्रो पक्ष/स्वतन्त्र लेखा परीक्षण र छानिएका जलवायुसम्बन्धी कार्यक्रम र परियोजनाहरूको कार्यसम्पादन मूल्याङ्कन आवश्यक छ ।

**जलवायु परिवर्तन वित्तको सुशासनमा सुधारिएको क्षमता :** सुधारको यस क्षेत्रले अर्थ मन्त्रालय, अन्तरमन्त्रालय समन्वय समितिका सदस्य र जलवायु वित्तसम्बन्धी विषयगत मन्त्रालयका योजना, जलवायु र लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई क्षमता विकासमा सहयोगको परिकल्पना गरिएको छ ।

**अन्तर्राष्ट्रिय वित्त पहुँचमा वृद्धि र जलवायु परिवर्तनमा निजी वित्त उत्प्रेरित गर्ने :** सुधारको यस क्षेत्रमा जलवायु गतिविधि कार्यान्वयन गर्न सरकारी स्रोतको पूरक रूपमा अन्तर्राष्ट्रिय वित्त र निजी वित्त परिचालन गर्न आवश्यक चार प्राथमिकताका क्षेत्रमा सुधार हस्तक्षेप समावेश छन्। यसमा जलवायु परियोजना बैङ्क निर्माण, अन्तर्राष्ट्रिय जलवायु वित्तमा पारदर्शिता अभिवृद्धि समावेश गरिएको छ। वित्तीय र मौद्रिक नीतिमार्फत हरित वित्त पोषणमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्ने पनि उल्लेख छ।

**प्रादेशिक/स्थानीय स्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायु परिवर्तन एकीकरण सुदृढ गर्ने :** सुधारको यस क्षेत्रले जलवायु गतिविधिमा प्रदेश/स्थानीय सरकारहरूको भूमिका प्रकाश पार्छ। साथै, यसले सङ्घीय सरकारले प्रदेश/स्थानीय सरकारहरूको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन एकीकरणलाई सुदृढ गर्न सहयोग प्रदान गर्छ।

जलवायु परिवर्तनलाई तीनै तहका सरकारहरूका सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा थप एकीकृत गर्न सुधारका हस्तक्षेपहरूको कार्यान्वयन महत्त्वपूर्ण हुन्छ। यस ढाँचाले सुधार योजनाहरू कार्यान्वयनका लागि चाहिने प्रमुख संस्थाहरू पनि प्रस्ताव गरेको छ।

सुधारमा प्रस्ताव गरिएका योजना कार्यान्वयनमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको प्रमुख भूमिका रहन्छ। जलवायु परिवर्तन अनुकूलन, प्रभाव न्यूनीकरण र क्षति व्यवस्थापनमा वन तथा वातावरण मन्त्रालयले मुख्य भूमिका निर्वाह गर्छ भने अन्य सम्बन्धित विषयगत मन्त्रालयहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूसँग समन्वय गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। जलवायु वित्त विनियोजन र खर्चको जबाफदेहिता कायम गर्न महालेखा परीक्षकको कार्यालय र संसद्को भूमिका पनि गहन हुन्छ।

अनुसूची

**अनुसूची ग : मन्त्रालयगत जलवायु परिवर्तन बजेट र खर्च**

*(रु. अर्बमा)*

| मन्त्रालय | आर्थिक वर्ष २०१९/०२० | | आर्थिक वर्ष २०२०/०२१ | | आर्थिक वर्ष २०२१/०२२ | |
|---|---|---|---|---|---|---|
| | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च |
| अर्थ मन्त्रालय | १०.०३२ | १.२४१ | ९.१०५ | २.३३ | ९.१०५ | ०.५७३ |
| उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय | १.४१५ | ०.४१५ | ०.८११ | ०.२९७ | १.२७५ | ०.७११ |
| ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्रालय | ४९.७३८ | २१.१६३ | ४३.९४१ | २१.५६ | ४२.९८० | ३०.४५ |
| कृषि र पशुपन्छी विकास मन्त्रालय | २५.०४९ | १७.२३५ | २७.७३१ | १८.५९ | २९.८४८ | २५.१२ |
| खानेपानी आपूर्ति मन्त्रालय | २५.६८९ | ७.५४९ | २८.३४९ | १०.१२ | २१.२५९ | ११.१६ |
| गृह मन्त्रालय | ६४.५ | ६६.१४३ | ६७.५५० | ६८.९५ | ९६.०६३ | ९७.६१ |
| संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय | ०.५३ | ०.५३ | ०.७६२ | ०.६२७ | ०.७८५ | ०.७२ |
| वन र वातावरण मन्त्रालय | ९.८६६ | ४.९२ | ८.९११ | ५.०८ | ८.१९५ | ४.५ |
| भूमि व्यवस्थापन, सहकारी र गरिबी निवारण मन्त्रालय | ०.५० | ०.१६ | ०.१९२ | ०.१६३ | ०.७६५ | ०.७१७ |
| भौतिक पूर्वाधार र यातायात मन्त्रालय | २३.३६९ | ६.७ | ३०.४१७ | ९.९४२ | ४६.७११ | ११.५२ |
| शहरी विकास मन्त्रालय | १८.७२७ | ७.२ | १४.२७४ | ५.३१५ | १३.३०२ | ४.७७ |
| शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय | ०.९०० | ०.३९१ | ०.५४४ | ०.४६ | ०.८२१ | ०.७६३ |
| सङ्घीय मामिला र सामान्य प्रशासन मन्त्रालय | ३.४७० | ०.३०५ | ७.४३३ | ०.६३४ | ६.२८७ | ०.९१५ |
| स्वास्थ्य र जनसङ्ख्या मन्त्रालय | ७.२११ | ३.९२४ | १४.३४९ | ६.०४ | १४.६४० | १०.०४ |
| श्रम, रोजगार र सामाजिक सुरक्षा मन्त्रालय | ०.१५ | ०.१२५ | ०.१८२ | ०.१३४ | ०.४६१ | ०.८१२ |
| अर्थ मन्त्रालय | ४८.५३९ | २७.२ | ४६.१४१ | ३२.७८ | ६३.६०२ | २४.९९ |
| अर्थ मन्त्रालय विविध | | ० | | ० | १.३५० | ०.९९ |
| प्रदेश | ५५.२९८ | १०७.४ | ६३.५१६ | ११०.३४ | ६७.८२९ | १०९.०३ |
| स्थानीय | ८९.९४७ | २४२.९७ | ९८.८७० | २८४.१३ | १०९.५१ | २९७.०१ |
| **जम्मा** | **४३४.९३** | **५१५.५७१** | **४६३.७९** | **५७७.४९२** | **५३४.७९** | **६३०.४०१** |

**अनुसूची घ : जलवायु परिवर्तन बजेट र खर्च निगरानी गर्न प्रतिवेदन ढाँचा**

अनुसूची घ (१) : तुलनात्मक जलवायु परिवर्तन खर्चको सारांश

| मन्त्रालय | आर्थिक वर्ष... | | आर्थिक वर्ष... | | आर्थिक वर्ष... | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च | |
| | | | | | | | |
| | | | | | | | |

नोट :

१. यो फाराम प्रत्येक वर्ष एफसिजिओ र एमओएफबाट प्रत्येक वर्ष कम्पाइल गर्नुपर्छ ।

२. यो जानकारी जलवायु परिवर्तन खर्चको प्रवृत्ति विश्लेषण गर्न प्रयोग गरिन्छ ।

अनुसूची घ (२) : अनुकूलन र न्यूनीकरणमा भएको जलवायु परिवर्तन खर्चको तुलना

मन्त्रालय :

कार्यक्रम :

| विवरण | आर्थिक वर्ष... | | आर्थिक वर्ष... | | आर्थिक वर्ष... | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च | वास्तविक बजेट | वास्तविक खर्च | |
| अनुकूलन | | | | | | | |
| न्यूनीकरण | | | | | | | |
| सहलाभ ( अनुकूलन र न्यूनीकरण दुवै) | | | | | | | |
| जम्मा | | | | | | | |

नोट :

१. यो फाराम प्रत्येक वर्ष विषयगत मन्त्रालयबाट गर्नुपर्छ ।

२. यो प्रतिवेदनका आधारमा एफसिजिओले वार्षिक आधारमा संयुक्त प्रतिवेदन तयार गर्छ ।

अनुसूची घ (३) : कामअनुसार जलवायु परिवर्तन उत्तरदायी बजेट खर्च

आर्थिक वर्ष...

| **विवरण** | **प्रत्यक्ष उत्तरदायी** | | **प्रत्यक्ष उत्तरदायी** | | **अप्रत्यक्ष उत्तरदायी** | | **अप्रत्यक्ष उत्तरदायी** | | **जम्मा उत्तरदायी** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **चालु** | | **पुँजीगत** | | **चालु** | | **पुँजीगत** | | **चालु** | | **पुँजीगत** | |
| | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** |
| सामान्य सार्वजनिक सेवाहरू | | | | | | | | | | | | |
| रक्षा | | | | | | | | | | | | |
| सार्वजनिक व्यवस्था र सुरक्षा | | | | | | | | | | | | |
| आर्थिक मामिलाहरू | | | | | | | | | | | | |
| पर्यावरण संरक्षण | | | | | | | | | | | | |
| आवास र सामुदायिक सुविधाहरू | | | | | | | | | | | | |
| स्वास्थ्य | | | | | | | | | | | | |
| मनोरञ्जन, संस्कृति र धर्म | | | | | | | | | | | | |
| शिक्षा | | | | | | | | | | | | |
| सामाजिक सुरक्षा | | | | | | | | | | | | |

नोट :

१. यो फाराम वार्षिकरूपमा एफसिजिओबाट कम्पाइल गर्नुपर्छ ।

२. एमओएफले वार्षिक आधारमा खर्चको प्रवृत्ति विश्लेषण गर्छ ।

अनुसूची घ (४) : स्रोतअनुसार जलवायु परिवर्तन खर्च
आर्थिक वर्ष.....

| मन्त्रालय | चालु | पुँजीगत | जम्मा | नगद | | | प्रकार र प्रत्यक्ष भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | नगद जम्मा | जिओएन | विदेशी | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट :
१. यो फाराम वार्षिकरूपमा एफसिजिओबाट कम्पाइल गर्नुपर्छ ।
२. एमओएफले वार्षिक आधारमा खर्चको प्रवृत्ति विश्लेषण गर्छ ।

अनुसूची घ (५) : प्रदेशगतरूपमा जलवायु परिवर्तन खर्च
आर्थिक वर्ष....

| क.स. | प्रदेश | चालु | पुँजीगत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट :
१. यो फाराम वार्षिकरूपमा एफसिजिओबाट कम्पाइल गर्नुपर्छ ।
२. एमओएफले वार्षिक आधारमा खर्चको प्रवृत्ति विश्लेषण गर्छ ।

अनुसूची घ (६) : मुख्य उपलब्धिहरूसहित कार्यक्रमगतरूपमा जलवायु परिवर्तन खर्च
आर्थिक वर्ष....
मन्त्रालय :

| बजेट शीर्षक | कार्यक्रम | जम्मा बजेट | जम्मा खर्च | प्रगति (प्रतिशतमा) | | मुख्य उपलब्धि हरू | कार्यान्वयनका समस्याहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट :
१. यो फाराम वार्षिकरूपमा विषयगत मन्त्रालयबाट भर्नुपर्छ ।
२. एनपिसीले यो प्रतिवेदनका आधारमा जलवायु परिवर्तन खर्चको नतिजा विश्लेषण गर्छ ।

अनुसूची घ (७) : प्रमुख कार्य सम्पादन सूचकहरूको प्रगति
आर्थिक वर्ष....
मन्त्रालय :
कार्यक्रम/परियोजना :

| क्र.स. | मुख्य गतिविधिहरू | विवरण | सूचकहरू | एकाइ | यस वर्षको सञ्चय | | यस वर्षसम्मको सञ्चय | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट :
१. यो फाराम वार्षिकरूपमा विषयगत मन्त्रालयबाट तयार हुनुपर्छ ।
२. एनपिसीले यसलाई वार्षिकरूपमा सङ्कलन गर्छ ।
३. यसले केपिआइएसको प्रगति निगरानी गर्न सहज बनाउँछ । जस्तै- (क) जलवायु परिवर्तन शिक्षा प्रदान गर्नेको सङ्ख्या, (ख) यो प्रतिवेदन ढाँचाबाट जलवायु परिवर्तन खर्चको प्रतिशत ।

अनुसूची घ (८) : जलवायु परिवर्तन खर्च विवरण प्रतिवेदन

१. जलवायु परिवर्तन खर्चको कथात्मक विश्लेषण

२. निम्न तालिकामा तथ्य र निष्कर्षहरू

३. निष्कर्ष विश्लेषण

<table>
<tr><th rowspan="2">जलवायु परिवर्तनको प्रासाङ्गिकता</th><th colspan="3">खर्च (रु. हजारमा)</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>आव...</th><th>आव...</th><th>आव...</th></tr>
<tr><td>अनुकूलन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>न्यूनीकरण</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अनुकूलन र न्यूनीकरण मिश्रित</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रतिवेदन तयार पारिएको अवधिसम्मको भौतिक उपलब्धि</td><td colspan="4"></td></tr>
<tr><td>खर्च र उपलब्धिको प्रवृत्ति विश्लेषण</td><td colspan="4"></td></tr>
<tr><td>सवाल र चुनौतीहरू</td><td colspan="4"></td></tr>
</table>

नोट :

१. यो विषयगत मन्त्रालयहरूले आर्थिक सर्वेक्षणका लागि प्रत्येक आर्थिक वर्षमा तयार गरी अर्थ मन्त्रालयमा पेस गर्छन् ।

२. यो जानकारीका आधारमा अर्थ मन्त्रालयले यसलाई आर्थिक सर्वेक्षणमा विश्लेषण र समावेश गर्छ ।

**अनुसूची ङ : परामर्श गरिएका व्यक्ति र संस्था**

| क.स. | संस्था | व्यक्ति | पद |
|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | दिलीप केसी | उपसचिव |
| | | सावित्रा शर्मा | शाखा अधिकृत |
| | | अमर सावद | सूचना प्रविधि अधिकृत |
| २ | महालेखा नियन्त्रक कार्यालय | निरज केसी | उपमहालेखा नियन्त्रक |
| | | रुद्रबहादुर कार्की | |
| | | दिलीप महर्जन र रमेश भण्डारी | लेखा अधिकृत |
| ३ | राष्ट्रिय योजना आयोग | डा. प्रभु बुढाथोकी | कार्यकारी सदस्य |
| | | शमशेरबहादुर राई र निशा लौडारी | योजना अधिकृत |
| ४ | वन तथा वातावरण मन्त्रालय | नरेश शर्मा | उपसचिव |
| | | सुमन सुवेदी | उपसचिव |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अनुप ढुङ्गाना | वरिष्ठ डिभिजन इन्जिनियर |
| | | नारायण श्रेष्ठ | इन्जिनियर |
| ६ | नेपाल राष्ट्र बैङ्क | राग्नी सिंह | उपनिर्देशक |
| ७ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | अमर मिश्र | कार्यकारी सदस्य |
| ८ | दिगो विकास तथा सुशासन समिति, राष्ट्रिय सभा | डा. रोजनाथ पाण्डे | सचिव |
| ९ | आर्थिक समिति, प्रतिनिधि सभा | रेखा उपाध्याय खनाल | सचिव |
| १० | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | लालकुमार श्रेष्ठ | उपसचिव |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मोहनकुमार घिमिरे | उपसचिव |
| १२ | एक्सनएड नेपाल | सुजाता माथेमा | कार्यकारी निर्देशक |
| १३ | केयर नेपाल | स्वेच्छा श्रेष्ठ | मिल विज्ञ |
| १४ | सिआरटी/एन | डा. अञ्जु शर्मा | निर्देशक |
| १५ | दिगो विकास इन्स्टिच्युट | सुस्मिता वैधवा | कार्यक्रम अधिकृत |
| १६ | फेकोफन | ठाकुर भण्डारी/देवी गिरी | अध्यक्ष/सचिव |
| १७ | फ्रिडम फोरम | कृष्ण सापकोटा | अनुसन्धाता |
| १८ | इसिमोड-सान्डी | मणि नेपाल | लिड अर्थशास्त्री |
| १९ | इनओलाड | इन्दिरा श्रीस | अध्यक्ष |
| २० | आइसेट नेपाल | केशव के. मलासी | सिसिए/डिआरआर विज्ञ |
| २१ | नेफिन | टुङ्गा राई | निर्देशक |
| २२ | एनएफएन | ऋषि अधिकारी | सिसिए/डिआरआर विज्ञ |
| २३ | एनआइडब्लु फोरम | सुनी लामा | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| २४ | अक्सफाम इन नेपाल | निभा श्रेष्ठ | एचओपिपी |
| २५ | पिडा | भवनारायण झा | सहायक प्रबन्धक |
| २६ | प्रकृति रिसोर्सेज सेन्टर | राजु पण्डित क्षत्री | कार्यकारी निर्देशक |
| २७ | सिआस | ज्ञानु मास्के | अनुसन्धाता |
| २८ | टेवा | अञ्जु श्रेष्ठ | वरिष्ठ कार्यक्रम प्रबन्धक |
| २९ | युनएनडिपी | मधुकर उपाध्याय | परामर्शदाता |
| ३० | डब्लुडब्लुएफ नेपाल | रुविना कार्की | कार्यक्रम सहयोगी |

**अनुसूची च :**

**यो प्रतिवेदन तयारीमा संलग्न परामर्शदाता समूह**

| **नाम** | **जिम्मेवारी** | **कैफियत** |
|---|---|---|
| ध्रुवप्रसाद दाहाल | टिम लिडर | सार्वजनिक वित्त विशेषज्ञ |
| प्रवीनमान सिंह | सदस्य | जलवायु वित्त विशेषज्ञ |
| महेश घिमिरे | सदस्य | सार्वजनिक वित्त व्यवस्थापन विशेषज्ञ |
| अनिता श्रेष्ठ | सदस्य | जलवायु परिवर्तन विज्ञ |

अनुसूची छ :

सिसिबिआइआइ+ मूल्याङ्कनमा जलवायु परिवर्तन एकीकरण र जेसी एकीकरणको अङ्क

| **आयाम/श्रेणी** | **सिसिबिआइआइ+ अङ्कहरूको सारांश** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **जलवायु परिवर्तन एकीकरण** | | | **जेसी एकीकरण** | | **जलवायु परिवर्तनसँग भारित जेसी** | | |
| | **जम्मा** | **हासिल** | **अङ्क** (प्रतिशतमा) | **जम्मा** | **हासिल** | **जम्मा** | **हासिल** | **अङ्क** (प्रतिशतमा) |
| **नीति र कानून** | | | | | | | | |
| **नीति** | **१०** | **७** | **७०** | **४** | **१** | **८** | **१** | **१३** |
| **आवश्यकताहरू** | **१२** | **७** | **५८** | **३** | **१** | **६** | **१** | **१७** |
| **प्राथमिकता** | **६** | **४** | **६७** | **२** | **१** | **४** | **१** | **२५** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सब-टोटल | २८ | १८ | ६४ | ९ | ३ | १८ | ३ | १७ |
| प्रणाली | | | | | | | | |
| कार्यान्वयन | ९ | ९ | १०० | ३ | १ | ७ | २ | २९ |
| गणना | ५ | ५ | १०० | - | - | ० | ० | ० |
| टचागिङ | १३ | ९ | ६९ | २ | ० | ५ | ० | ० |
| सब-टोटल | २७ | २३ | ८५ | ५ | १ | १२ | २ | १७ |
| जबाफदेहिता | | | | | | | | |
| कार्य सम्पादन | ८ | ४ | ५० | १ | ० | ३ | ० | ० |
| संसद् | ७ | २ | २९ | २ | ० | ३ | ० | ० |
| प्रतिवेदन | १० | ४ | ४० | ३ | ० | ८ | ० | ० |
| सब-टोटल | २५ | १० | ४० | ६ | ० | १४ | ० | ० |
| जम्मा | ८० | ५१ | ६४ | २० | ४ | ४४ | ५ | ११ |

# सन्दर्भ सामग्री सूची


ACT, 2017: Developing an Applied Understanding of the Economic Impacts of Climate Change, Action on Climate Today, 2017.

CCP, 2011: Climate Change Policy (Nepali), Ministry of Population and Environment, Government of Nepal, Kathmandu, 2011 http://doenv.gov.np/files/download/Climate%20Change%20Policy%202067%202011%20Ne pali.pdf

CPEIR, 2011: Climate Public Expenditure and Institutional Review (CPEIR), National Planning Commission, Government of Nepal, Kathmandu, 2011 http://www.npc.gov.np/images/category/climate_public_expenditure.pdf

dCPEIR, 2017: district Climate Public Expenditure and Institutional Review (dCPEIR), Ministry of Federal Affairs and General Administration, Government of Nepal, Kathmandu, 2017

FCGO: Consolidated Financial Statements of the Government. Financial Comptroller General Office https://fcgo.gov.np/reporttype/1

MoF: Financial Procedures and Fiscal Accountability Act, Ministry of Finance, Government of Nepal https://www.mof.gov.np/site/publication-category/93

MoF, 2019: Budget Speech 2019/20, Ministry of Finance, Government of Nepal

http://www.mof.gov.np/uploads/document/file/Budget%20Speech%20Final%20English_20140727050302.pdf

MoF, 2020: Budget Speech 2020/21, Ministry of Finance, Government of Nepal http://www.mof.gov.np/uploads/document/file/Final%20Budget%20Speech%202015-16%20English_20150715122729.pdf

MoF, 2021: Budget Speech 2021/22, Ministry of Finance, Government of Nepal http://www.mof.gov.np/uploads/document/file/Budget_Speech_final_2016_20160602105902.pdf

MoF, 2022: Budget Speech 2022/23, Ministry of Finance, Government of Nepal http://www.mof.gov.np/uploads/document/file/Budget_Speech_207475_20170530011441201706010521 07.pdf

MoF, 2023: Budget Speech 2023/24, Ministry of Finance, Government of Nepal http://www.mof.gov.np/uploads/document/file/Budget_Speech_207475_20170530011441_20170601052107.pdf

MOEF: Climate Change Policy 2019, Ministry of Forest and Environment, Government Nepal https://mofe.gov.np/resources/policy-and-strategies-9446

MOFE: Environment Protection Act and Environment Protection Regulations ,Ministry of Forest and Environment , Government of Nepal

https://mofe.gov.np/resources/acts-and-regulations-7963

NPC: 15th Periodic Development Plan, National Planning Commission, Nepal

https://npc.gov.np/en/category/periodic_plans

NPC: Medium Term Expenditure Framework, National Planning Commission, Nepal

https://npc.gov.np/en/category/periodic_plans

UNDP: CCBII+ Report 2023 Nepal Climate Change Budget Integration Index Assessment (GESI Responsive) (unpublished)